## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल,

फोन: ०१-५०१००१५ हटलाइन: ०१-५०-१००-००
पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फ्याक्स: ००९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

**विराटनगर**
पूर्वाञ्चल क्षेत्रीय कार्यालय,
बरगाछी, विराटनगर, मोरङ्ग
फोन: ०२१-४६१९३१, ४६१०९३ फ्याक्स: ००९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**जनकपुर**
मध्यमाञ्चल क्षेत्रिय कार्यालय
देबीचोक, जनकपुर, धनुषा
फोन: ०४१-५२७८११, ५२७८१२ फ्याक्स: ००९७७-४१-५२७२५०
इमेल: nhrcjnk@nhrcnepal.org

**पोखरा**
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
जनप्रिय मार्ग, पोखरा, कास्की
फोन: ०६१-४६२८११, ४६३८२२ फ्याक्स: ००९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**नेपालगंज**
मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
बाँकेगाउ, नेपालगंज, बाँके
फोन: ०८१-५२६७०७, ५२६७०८ फ्याक्स: ००९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**धनगढी**
सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
उत्तर बेहडी, धनगढी, कैलाली
फोन: ०९१-५२५६२१, ५२५६२२ फ्याक्स: ००९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### उप-क्षेत्रिय कार्यालयहरू
दिक्तेल, खोटाङ फोन: ०३६–४२०२८४
खलङ्गाबजार, जुम्ला फोन: ०८७–५२०२२२
बुटवल, रुपन्देही फोन: ०७१–५४६९११

वेबसाइट : www.nhrcnepal.org


# मानव अधिकार




# प्रश्नोत्तर सँगालो

## २०७१

**राष्ट्रिय मानव अधिकार आयोग**
**हरिहरभवन, ललितपुर, नेपाल**

# मानव अधिकार प्रश्नोत्तर सँगालो

नेपालको अन्तरिम संविधान, २०६३

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

तथा

केही प्रमुख महासन्धिहरूमा आधारित

*प्रकाशक*

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

२०७१

# परिमार्जित तथा सम्पादित


| | | |
|---|---|---|
| पुस्तक | : | मानव अधिकार प्रश्नोत्तर सँगालो |
| सम्पादन /संकलन | : | सूर्य बहादुर देउजा/सुरेश मल्ल |
| लेआउट/कभर | : | सुवोध पोखरेल |
| प्रकाशक | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल |
| संस्करण | : | पाँचौ संस्करण |
| पुनः प्रकाशन | : | ५००० प्रति |
| प्रकाशन नं. | : | रा.मा.अ.आ. १७८ के.का. |
| पुनः प्रकाशन मिति | : | २०७१ असार |
| मुद्रण | : | एपेक्स प्रिन्टीङ्ग प्रेस प्रा. लि. |
| प्रकाशन सहयोग | : | मानव अधिकारको प्रवर्द्धन तथा शान्ति प्रक्रियामा योगदान परियोजना |

# प्रकाशकीय

राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार आयोग ऐन, २०५३ अनुसार स्थापना भएको स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्था हो र नेपालको अन्तरिम संविधान, २०६३ ले यसलाई संवैधानिक अङ्गको रूपमा व्यवस्था गरेको छ । मानव अधिकारको प्रभावकारी संरक्षण र संवर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य भएकाले स्थापनाकालदेखि नै आयोग मानव अधिकारको संरक्षण र संवर्द्धन कार्यमा क्रियाशील रहँदै आएको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुरूप यस आयोगले कार्य गर्दै आएको परिप्रेक्ष्यमा आयोगले वि.सं. २०६९ साल माघ १८ गते राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारबाही तथा क्षतिपूर्ति निधार्रण) नियमावली, २०६९ जारी गरी कार्य गरिरहेको छ ।

नेपालले मानव अधिकार सम्बन्धी २४ ओटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्र भएर मानव अधिकारको सम्मान र संरक्षणका लागि प्रतिवद्धता जनाइसकेको अवस्था छ । साथै, नेपालको संविधान र कानुनहरूमा समेत नागरिक तथा व्यक्तिका अधिकारहरू सुनिश्चित गरिएका छन् । तर, ती अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएका अधिकारहरूका बारेमा चेतनाको अभाव, अशिक्षा, सूचनामा पहुँच नहुनु जस्ता कुराले बहुसङ्ख्यक नेपालीहरू अनभिज्ञ छन् । यसै परिप्रेक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तथा मानव अधिकार सम्बन्धी विभिन्न सन्धि-सम्झौतामा आधारित भएर यो पुस्तिका 'मानव अधिकार प्रश्नोत्तर सँगालो' पुनः प्रकाशनमा ल्याएको छ । यस पुस्तिकामा मानव अधिकारका समग्र विषयवस्तुहरू र दस्तावेजहरूलाई समेट्न नसकिएको भएता पनि मानव अधिकारका आधारभूत अवधारणाहरूलाई केही प्रश्नोत्तरका रूपमा प्रस्तुत गरिएकाले सर्वसाधारणहरूलाई बुझ्न सजिलो हुनेछ भन्ने अपेक्षा गरिएको छ । साथै यस आयोग तथा मानव अधिकारसम्बन्धी विभिन्न सन्धि-सम्झौताका बारेमा जानकारी दिएर यो पुस्तिकाले सर्वसाधारण नेपालीहरूलाई आफ्नो अधिकारको बारेमा सचेत गराउनेछ भन्ने अपेक्षा पनि गरिएको छ । यस सम्बन्धमा पाठकहरूबाट सुझाव प्राप्त भएमा भविष्यमा सुधार गर्न आयोगलाई सहयोग पुग्ने हुँदा आवश्यक सुझावको अपेक्षा गर्दछु ।

यस संस्करणसम्म आइपुग्दा यो पुस्तिकाको तयारी, सम्पादन तथा प्रकाशनका लागि आयोगमा कार्यरत मुरारिप्रसाद खरेल, दीपकजङ्गध्वज कार्की, कोषराज न्यौपाने, दुर्गा खड्का, सूर्यबहादुर देउजा, सम्झना शर्मा, कमल थापाक्षेत्री, सुरेश मल्ल, लोकनाथ बास्तोला लगायत धेरै व्यक्तिहरूको योगदान रहेको छ । यस प्रकाशनमा सहयोग पुऱ्याउने सबैजना धन्यवादको पात्र हुनुहुन्छ । भविष्यमा यसलाई अझ परिस्कृत र परिमार्जित गर्ने कार्यमा वहाँहरूको थप योगदान रहने विश्वास गर्दछु ।

धन्यवाद !

**वेदप्रसाद भट्टराई**
**का.मु. सचिव**

# विषय-सूची

| **विषय** | **पृष्ठ** |
|---|---|


१. राष्ट्रिय मानव अधिकार आयोग — १

२. राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ — ७

३. नेपालको अन्तरिम संविधान, २०६३ — १३

४. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ — १५

५. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ — १९

६. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ — २३

७. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ — २७

८. यातना विरुद्धको महासन्धि, १९८४ — ३३

९. बाल अधिकार महासन्धि, १९८९ — ३५

१०. आप्रवासी कामदारहरू सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० — ३९

११. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ — ४३

१२. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ — ४७

१३. अन्तर्राष्ट्रिय मानवीय कानुनहरू, १९४९ — ५३

१४. आदिवासीहरु र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १६९ — ५७

**अनुसूचीहरू** **५९**
अनुसूची १
नेपालको अन्तरिम संविधान, २०६३, भाग १५ ५९
अनुसूची २
मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ६३
अनुसूची ३
नेपाल पक्ष भएका महासन्धिहरू ६९
अनुसूची ४
राष्ट्रिय मानव अधिकार आयोगको उजुरी फाराम ७२

# १

# राष्ट्रिय मानव अधिकार आयोग

## (National Human Rights Coomission)

१. **मानव अधिकार भनको के हो ?**

**उत्तर:** मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरूलाई मानव अधिकार भनिन्छ । राष्ट्रिय मानव अधिकारआयोग ऐन २०६८ ले "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ भनी परिभाषित गरेको छ ।

२. **राष्ट्रिय मानव अधिकार आयोग कस्तो निकाय हो ?**

**उत्तर:** राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार सम्वर्द्धन र संरक्षणका लागि गठित स्वतन्त्र र स्वायत्त राष्ट्रिय निकाय हो । यसको गठन मानव अधिकार आयोग ऐन २०५३ अनुसार २०५७ साल जेठ १३ गते भएको हो । नेपालको अन्तरिम संविधान २०६३ मा यसलाई संवैधानिक अङ्गका रूपमा व्यवस्था गरिएको छ । वि.सं. २०६८ माघ ६ गते देखि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लागू भई मानव अधिकार ऐन, २०५३ को ऐन खारेज भएको छ । यसको स्थापना पेरिस सिद्धान्तमा आधारित छ ।

३. **पेरिस सिद्धान्त भनेको के हो ? यस सिद्धान्त अनुसार मानव अधिकार सम्बन्धी राष्ट्रिय निकायमा हुनुपर्ने आवश्यक तत्वहरू के–के हुन् ?**

**उत्तर:** मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि मानव अधिकारसम्वन्धी राष्ट्रिय संस्थाहरूको मापदण्ड तय गर्ने र मार्ग निर्देशन गर्ने सिद्धान्तलाई पेरिस सिद्धान्त भनिन्छ । फ्रान्सको पेरिसमा १९९१ मा सम्पन्न विभिन्न राष्ट्रहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तावित भई सन् १९९३ मा संयुक्त राष्टसङ्घीय महासभाबाट पारित भएको हो ।

पेरिस सिद्वान्तअनुसार मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूमा हुनुपर्ने आवश्यक तत्वहरू यसप्रकार छन्: १. स्वतन्त्रता, २. स्वायत्तता, ३. निर्धारित क्षेत्राधिकार तथा पर्याप्त अधिकार, ५. पहुँच, ६. सहयोग

**४. आयोगमा कति जना पदाधिकारीहरू रहन्छन् र ती कुन-कुन क्षेत्रबाट नियुक्त हुन्छन् ?**

**उत्तर:** आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यसहित ५ जना पदाधिकारीहरू रहने व्यवस्था छ । मानव अधिकारको संरक्षण र सम्वर्द्धनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा समाज सेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट एकजना अध्यक्ष रहने व्यवस्था छ । त्यसैगरी, मानव अधिकारको संरक्षण र सम्वर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना महिला सहित चारजना सदस्य रहने व्यवस्था छ । आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुन्छ ।

**५. राष्ट्रिय मानव अधिकार आयोगको मुख्य कर्तव्यहरू के-के हुन् ? ती कर्तव्य पूरा गर्न आयोगले के-कस्ता कार्यहरू गर्दछ ?**

**उत्तर:** नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । यस अनुसार मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य हो । ती कर्तव्यहरू पूरा गर्न राष्ट्रिय मानव अधिकार आयोगले निम्न कार्यहरू गर्दछ-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा

त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानुनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने

**६. आयोगले मानव अधिकार संरक्षण सम्बन्धी कस्ता कार्यहरू गर्दछ ?**

**उत्तरः आयोगले मानव अधिकारको संरक्षणसम्बन्धी निम्न कार्यहरू गर्दछ–**

(क) मानव अधिकारको उल्लङ्घन र दुरुत्साहन रोक्ने सम्बन्धमा छानबिन र अनुसन्धान गर्ने,

(ख) नेपाल सरकारअन्तर्गतका निकाय, कारागार वा कुनै संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र मानव अधिकारको संरक्षणका लागि त्यस्ता संस्थाको काम कारबाही, भौतिक सुविधा आदिका सम्बन्धमा सुझाव दिने,

(ग) मानव अधिकारको प्रचलनका लागि संविधान तथा प्रचलित अन्य कानुनद्वारा दिइएको संरक्षणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्ने,

(घ) मानव अधिकार स्थितिको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने तथा सम्बद्ध पक्षलाई मानव अधिकारको स्थिति सुधारका लागि सुझाव दिने ।

**७. आयोगले मानव अधिकारको सम्बर्द्धन सम्बन्धी कस्ता कार्यहरू गर्दछ ?**

**उत्तरः** आयोगले मानव अधिकारको सम्बर्द्धन सम्बन्धी निम्नानुसारका कर्यहरू गर्दछः

क) मानव अधिकार सम्बर्द्धन लागि तालिम, गोष्ठी, सम्मेलन, आदि सञ्चालन गर्ने,

ख) सबै प्रकारका सञ्चारमाध्यमको प्रयोग गरी स्थानीय तहसम्म मानव अधिकार सचेतना अभिवृद्धि गर्ने

ग) मानव अधिकारका विभिन्न विषयमा जानकारी दिने पुस्तक- पुस्तिका, पत्रिका आदि प्रकाशन गर्ने ।

घ) औपचारिक वा अनौपचारिक शिक्षा प्रणालीमार्फत् मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्ने,

ङ) मानव अधिकारको संरक्षण सम्बन्धमा विद्यमान कानुनी प्रत्याभूतिहरूबारे लक्षित समुदायलाई अवगत तथा सचेत गराउने,

च) मानव अधिकारसम्बन्धी गैरसरकारी संस्थाहरूका प्रयासहरूलाइ प्रोत्साहित गर्ने,

छ) मुलुकको विद्यमान मानव अधिकारको स्थितिका बारेमा नियमित समीक्षा गर्ने ।

ज) मानव अधिकारको प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका आवश्यक अन्य कार्यहरू गर्ने ।

**८. मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज भन्नाले के बुझ्नुहुन्छ ? अन्तर्राष्ट्रिय दस्तावेजको पक्षराष्ट्र भनेको के हो ?**

**उत्तरः** मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेज भन्नाले मानव अधिकार प्राप्तिलाई नियमित, प्रभावकारी र संरक्षित बनाउन संयुक्त राष्ट्रसङ्घ र उसले मान्यता दिएका अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले बनाएका कानुनी दस्तावेज भन्ने बुझिन्छ । यस अन्तर्गत सन्धि (Treaty), वा महासन्धि (Convention), प्रतिज्ञापत्र (Covenant),आलेख (Protocol), घोषणापत्र (Declaration), सिफारिस (Recommendation), सङ्कल्प प्रस्ताव (Resolution) आदि पर्दछन् ।

अन्तर्राष्ट्रिय दस्तावेजमा हस्ताक्षर गरी त्यसलाई पालना गर्ने प्रतिबद्धता जनाएका राष्ट्रलाई 'पक्षराष्ट्र' भनिन्छ । सबै अन्तर्राष्ट्रिय दस्तावेजहरू

हस्ताक्षर गर्ने पर्ने प्रकृतिका हुँदैनन् । अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, प्रतिज्ञापत्र र प्रलेखहरूमा सम्बन्धित देशले हस्ताक्षर गर्नु पर्दछ र त्यो कानुन बाध्यात्मक हुन्छ । घोषणापत्र, सिद्धान्त, निर्देशिका, सिफारिस र सङ्कल्प प्रस्तावहरू कुनै पनि राष्ट्रका लागि बाध्यात्मक हुँदैनन् तर नैतिक रूपमा दबाब दिने किसिमका हुन्छन् ।

**९. अहिलेसम्म नेपाल कतिओटा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूको पक्षराष्ट्र भइसकेको छ ?**

**उत्तरः** नेपाल अहिलेसम्म २४ ओटा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिहरू र ११ ओटा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी श्रम सङ्गठनका महासन्धिहरूको पक्षराष्ट्र भएको छ । त्यसैगरी, नेपालले ४ ओटा जेनेभा महासन्धिहरूमा हस्ताक्षर गरिसकेको छ । ती दस्तावेजहरूको विवरण अनुसूचिमा दिइएको छ ।

**१०. आयोगले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरू सम्बन्धमा के गर्छ ?**

**उत्तरः** आयोगले नेपाल पक्ष (पक्षराष्ट्र) भएका अन्तर्राष्ट्रिय महासन्धिहरूका सम्बन्धमा निम्न कार्यहरू गर्दछ–

(क) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी नेपाल सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक र उपयुक्त सुझाव दिने,

(ख) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा भएका व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ग) मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौता अनुरूप नेपालले प्रतिवेदन पठाउनु पर्ने दायित्व भएका विषयमा नेपाल सरकारलाई राय दिने ।

**११. नेपाल पक्ष भएका महासन्धि अनुरूप नेपालले कस्तो कानुनी दायित्व पूरा गर्नुपर्ने हुन्छ ?**

**उत्तरः** नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) ले नेपाल पक्ष भएका सबै सन्धिहरू नेपालको राष्ट्रिय कानुन सरह हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धिहरू परस्पर बाझिएमा सन्धिको प्रावधान लागु हुने व्यवस्था गरेको छ । तसर्थ,

महासन्धिले सिर्जना गरेका दायित्वहरू पूरा गर्नु तथा महासन्धिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु सरकारको कर्तव्य हो ।

**१२. आयोगको क्षेत्राधिकार नरहेको क्षेत्र कुन हो ?**

**उत्तरः** सैनिक ऐनको क्षेत्राधिकारको विषय आयोगको क्षेत्राधिकारभित्र पर्दैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ (४) मा 'सैनिक ऐनको क्षेत्राधिकारको विषयमा आयोगलाई क्षेत्राधिकार हुने छैन । तर मानव अधिकार वा मानवीय कानुनको उल्लङ्घन भएको विषयमा कारबाही चलाउन बाधा पर्ने छैन' भनी उल्लेख गरिएको छ । यसैगरी सर्वोच्च अदालतमा विचाराधीन मुद्दाका सम्बन्धमा सर्वोच्चबाट अनुमती लिएर मात्र अनुसन्धान प्रक्रिया अगाडि बढाउन सकिने प्रावधान गरिएको छ ।

**१३. कस्ता संघ संस्थाले नेपाल भित्र मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्न चाहेमा के कसरी आयोगको सहमति लिनुपर्ने हुन्छ ?**

**उत्तरः** कुनै विदेशी संघ संस्थाले नेपाल भित्र मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्न चाहेमा ऐनको दफा २०(३) अनुसार आयोगको सहमति लिने प्रयोजनका लागि त्यस्ता संघ संस्थाले देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछः

(क) आफूले गर्ने कामको विवरण,

(ख) मानवीय र आर्थिक श्रोत साधनको विवरण,

(ग) कार्यालय रहने स्थान,

(घ) पत्राचार गर्ने ठेगाना,

(ङ) समाज कल्याण परिषद्संग स्वीकृति लिएको भए त्यसको विवरण ।

विदेशी संघ संस्थाहरुले प्रत्येक वर्ष आयोगमा कामको विवरण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ र आयोगले समय समयमा जारी गरेको निर्देशनहरु पालना गर्नु संघसंस्थाको कर्तव्य हुनेछ ।

***

# २

# राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९

## (Human Rights Commission, Complaint Handling and Determination of Compensation, Regulation, 2013)

१. **उजुरी भनेको के हो ?**

**उत्तर:** राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा उजुरीको परिभाषा अनुसार उजुरी भन्नाले कुनै फिरादपत्र, अपिल, माग वा दाबी गरिएका लिखित वा मौखिक व्यवहारको कागजात वा अन्य कुनै दस्तावेज भन्ने बुझाउँछ । "उजूरी" भन्नाले मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहनका सम्बन्धमा आयोग समक्ष दिएको निवेदन वा उजूरी सम्झनु पर्छ र सो शब्दले अन्य कुनै स्रोतबाट सो विषयमा आयोगलाई प्राप्त भएको जानकारी समेतलाई जनाउँछ ।

२. **मानव अधिकारको उल्लङ्घन भएमा कहाँ र कसले उजुरी दिन सक्छ ? उजुरी दिएकै कारण कानुन बमोजिम मुद्दा चलाउन बाधा पर्छ ?**

**उत्तर:** मानव अधिकार उल्लङ्घन भएमा राष्ट्रिय मानव अधिकार आयोगका कुनै पनि कार्यालयमा उजुरी गर्न सकिन्छ । त्यस्तो उजुरी गर्दा पीडित व्यक्ति आफैंले वा निजको तर्फबाट कसैले उजुरी दिन सक्छ । उजुरी दिँदा कुनै दस्तुर लाग्दैन । उजुरी दिएकै कारण कानुन बमोजिम मुद्दा चलाउन कुनै बाधा पर्दैन ।

३. **आयोगमा मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी कसरी र कुन–कुन माध्यमबाट गर्न सकिन्छ ?**

**उत्तर:** उजुर गर्ने व्यक्ति आफैं उपस्थित भई वा पीडितका तर्फबाट कसैले लिखित वा मौखिक निवेदन दिएर, आयोगमा मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी गर्न सकिन्छ । यस्तो उजुरी गर्दा निम्न माध्यमको प्रयोग गर्न सकिन्छ :–

(क) लिखित वा मौखिक निवेदनबाट,

(ख) टेलिफोनमार्फत्,

(ग) हुलाक, द्रुत डाँक सेवा, आकाशवाणी (टेलिग्राम), टेलिफ्याक्स,टेलेक्स, फ्याक्स, इ-फ्याक्स, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य दूरसञ्चारका माध्यममार्फत् । साथै आयोगमा उजुरी गर्दा कुनै किसिमको दस्तुर लाग्ने छैन ।

**४. आयोगमा मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी दिँदा उजुरकर्ताले के- के कुरा खुलाउनु पर्छ ?**

**उत्तरः** उजुरी दिँदा उजुरीकर्ताले निम्न कुराहरू खुलाउनुपर्छ :-

(क) उजुरी गर्ने व्यक्तिको नाम, थर र ठेगाना,

(ख) कुनै संस्थाको तर्फबाट उजुरी परेको भए सो संस्थाको विवरण,

(ग) उजुरीको विषय,

(घ) उजुरी गर्नुपर्ने कारण,

(ङ) उजुरीको सङ्क्षिप्त व्यहोरा,

(च) उजुरीलाई समर्थन वा पुष्टि गर्ने कुनै प्रमाण,

(छ) उजुरकर्ताले माग गरेको उपचारको विवरण,

(ज) उजुरीको विषयमा अन्यत्र कुनै उजुरी गरेको भए त्यसको विवरण

(झ) आरोपित पीडक

(ञ) अन्य प्रासङ्गिक कुरा ।

**५. अत्यन्त जरुरी विषयको उजुरी केलाई मानिन्छ ?**

**उत्तरः** देहायको अवस्थाको मानव अधिकारको उल्लङ्घन/हनन् वा त्यसको दुरुत्साहनका विषयलाई अत्यन्त जरुरी विषय मानिनेछ :-

(क) कसैको हत्या वा मुत्यु भएको वा हत्या वा मृत्यु हुने संभावना रहेको,

(ख) गम्भीर यातना दिएको,

(ग) मानिस विक्षिप्त भएको,

(घ) कुनै समूह वा सम्प्रदाय नै पीडित भएको,

(ङ) वेपत्ता पारिएको वा पार्ने संभावना भएको,

(च) महिलामाथि हुने यौन दुर्व्यवहार,

(छ) बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजूरी,

(ज) तत्काल त्यस्तो कार्य नरोकेमा मानव अधिकारको गंभिर उलङ्घन वा मानवीय क्षति हुन सक्ने संभावना भएको,

६. **के आयोगमा परेको उजुरीमा मिलापत्र हुन सक्छ ? मिलापत्र भएपछि उजुरी के हुन्छ ?**

**उत्तरः** अन्तर्राष्ट्रिय कानून बमोजिम मानव अधिकार तथा मानवीय कानूनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानून बमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मिलापत्र गरी पाउन संयुक्त निवेदन गरेमा र मिलापत्र गर्दा पीडित पक्षको मानव अधिकारको संरक्षण हुने भएमा मिलापत्र हुनसक्छ । पक्षहरूबीच मिलापत्र भएमा आयोगमा परेको उजुरीको कारबाही अन्त्य हुन्छ ।

७. **कस्तो अवस्थामा आयोगले उजुरीलाई तामेलीमा राख्न वा खारेज गर्न सक्छ ?**

**उत्तरः** राष्ट्रिय मानव अधिकार आयोगले निम्न अवस्थामा उजुरीलाई तामेलीमा राख्न वा खारेज गर्न सक्छः

उजूरीको प्रारम्भिक अध्ययनबाट देहायका कुनै अवस्था भएको पाइएमा प्रारम्भिक कारवाहीको लागि आयोगले तोकेको सदस्यले त्यस्तो उजूरी तामेलीमा राख्न वा खारेज गर्न सक्नेछ ।

(क) उजूर गर्ने व्यक्ति वा पीडित व्यक्तिको नाम उल्लेख नभएमा,

(ख) अस्पष्ट वा काल्पनिक विषयको उजूरी भएमा,

(ग) मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुपयोगसंग सम्बन्धित नभएमा,

(घ) आयोगको अधिकारक्षेत्र भन्दा बाहिरको विषय भएमा,

(ङ) झुट्ठा वा तथ्यहीन विषयको उजूरी भएमा,

(च) नियम (४) बमोजिम रित नपुगेको पाइएमा,

(छ) एकपटक आयोगले ठहर गरिसकेको विषय भएमा ।

तर कुनै उजूरी रीत नपुगेका कारणले तामेलीमा रहेकोमा पुनः रीतपुर्वकको उजूरी पर्न आएमा कारवाही गर्न बाधा पर्ने छैन ।

**८. आयोगले मानव अधिकार उल्लङ्घन भए–नभएको ठहर कसरी गर्छ ?**

**उत्तरः** आयोगले निम्न प्रमाणहरूका आधारमा मानव अधिकारको उल्लङ्घन भए-नभएको ठहर गर्दछः

(क) आयोगमा प्राप्त भएका उजुरीका सम्बन्धमा छानबिन र अनुसन्धानबाट,

(ख) जाँचबुझ गरी प्राप्त हुन आएका सबुद प्रमाण तथा प्रतिवेदनका आधारमा, र

(ग) सार्वजनिक सुनुवाई गरेकोमा त्यस्तो सुनुवाईको आधारमा ।

**९. कुनै निकाय, सार्वजनिक/सरकारी अधिकारी वा कर्मचारी दोषी देखिएमा कारबाहीको सम्बन्धमा कस्तो कार्यविधि अपनाइन्छ ?**

**उत्तरः** कुनै निकाय, सार्वजनिक/सरकारी अधिकारी वा कर्मचारी दोषी देखिएमा निज माथि आवश्यक कारबाही गर्न आयोगले सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउनेछ । आयोगले त्यसरी लेखी पठाएमा त्यसबमोजिम कानुनी वा विभागीय कारबाही गर्नु नेपाल सरकारको दायित्व हुन्छ । कुनै कारणबाट कारबाही गर्न नमिल्ने भए त्यसको कारणसहित तीन महिनाभित्र सम्बन्धित निकाय वा अधिकारीले आयोगलाई जानकारी दिनुपर्ने छ ।

**१०. कस्ता–कस्ता मानव अधिकार उल्लङ्घन ठहर भएमा कुन** आधारमा **क्षतिपूर्ति दिलाइने व्यवस्था छ ?**

**उत्तरः** पीडितलाई क्षतिपूर्ति भराउने निर्णय/सिफारिस गर्दा देहायका कुराहरुलाई समेत लिनु पर्नेछः-

(क) पीडितलाई भएको शारीरिक घाउ चोट र वास्तविक उपचार खर्चको अवस्था,

(ख) मानसिक पीडा/यातना,

(ग) सामाजिक मर्यादा,

(घ) पीडितको शारीरिक, मानसिक र आर्थिक अवस्था,

(ङ) पीडकको चरित्र,

(च) मानव अधिकार उल्लङ्घनको घटनामा यस अघि संलग्न रहे नरहेको,

(छ) पीडकको आर्थिक अवस्था

**११. मानव अधिकार उल्लङ्घनको कारणबाट कसैको मृत्यु भएकोमा मृतकको परिवारलाई क्षतिपूर्ति भराउने निर्णय/सिफारिस भएमा कुन आधारमा क्षतिपूर्ति दिलाइने व्यवस्था छ ?**

**उत्तरः** देहायका कुराहरुलाई समेत आधार लिनु पर्नेछ

(क) मृतकको उमेर र निजको अर्थोपार्जन गर्न सक्ने क्षमता,

(ख) मृतकसंग आश्रित रहेका परिवारको संख्या र निजहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्युनतम खर्च,

(ग) मृतकका नाबालक छोराछोरीको संख्या तथा निजहरुको पालनपोषण तथा उच्च माध्यमिक तहसम्मको पढाई खर्च,

(घ) मृतकको श्रीमान् वा श्रीमतीको उमेर, शारीरिक अवस्था तथा जीविकोपार्जनको माध्यम,

(ङ) मृतकको मृत्यु हुनु अघि निजलाई शारीरिक वा मानसिक यातना दिएको वा नदिएको,

(च) मृत्यु हुनु पूर्व मानव अधिकार उल्लङ्घन भएको कारणबाट भएको उपचार खर्चको रकम,

(छ) मृतकको दाहसंस्कार तथा किरिया खर्च ।

**१२. यातना दिएकोमा कुन आधारमा क्षतिपूर्ति निर्धारण गर्ने व्यवस्था छ ?**

**उत्तरः** यातना दिएकोमा क्षतिपूर्ति भराउने निर्णय/सिफारिस गर्दा देहायका कुराहरुलाई समेत आधार लिनु पर्नेछ :-

(क) पीडितलाई पर्न गएको शारीरिक र मानसिक पीडाको मात्रा र त्यसको गंभीरता,

(ख) शारीरिक वा मानसिक क्षतिको अवस्था र त्यस्तो क्षतिको कारणबाट पीडितको आय आर्जन गर्न सक्ने क्षमतामा भएको ऱ्हास,

(ग) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति भै कुनै व्यवसाय गर्न नसक्ने भएकोमा पीडित व्यक्तिको उमेर र निजको जीविकोपार्जनको माध्यम र परिवारिक दायित्व,

(घ) उपचार हुनसक्ने क्षति भएकोमा उपचार गराउादा लागेको वा उपचार गराउन लाग्ने अनुमानित खर्च,

(ङ) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने समय ।

तर आयोगले औषधोपचारको लागि लागेको खर्च छुट्टै भराउनका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून बमोजिम हुन सक्ने सजाय समेतको लागि सिफारिस गर्न सक्नेछ ।

**१३. गैरकानूनी थुनामा राखेको वा वेपत्ता पारेकोमा कुन आधारमा क्षतिपूर्ति निर्धारण गर्ने व्यवस्था छ ?**

**उत्तर:** गैर कानूनी रुपमा थुनामा राखिएकोमा वा बलपूर्वक बेपत्ता पारिएको विषयमा निर्णय/सिफारिस गर्दा देहायका कुराहरुलाई समेत आधार लिनु पर्नेछ:

(क) गैर कानूनी थुनामा राख्दाको अवस्था,

(ख) गैर कानूनी थुनामा राख्दा पीडित उपर गरिएको व्यवहार,

(ग) गैर कानूनी थुनामा राखिएको अवधि,

(घ) गैर कानूनी थुनाको कारण पीडितलाई पर्न गएको शारीरिक वा मानसिक पीडा,

(ङ) गैर कानूनी थुनामा राख्दा पीडितलाई पर्न गएको आर्थिक नोक्सानी,

मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुपयोग गरी कसैलाई वेपत्ता पारेको सम्बन्धमा क्षतिपूर्ति निधारर्ण गर्नुपर्दा आयोगले छ महिनासम्मको अवधिको भए प्रत्येक दिनको ५०० रुपैया र छ महिना भन्दा बढी अवधिको भए तीन लाख रुपैयासम्म क्षतिपूर्ति निर्धारण गर्न सक्नेछ ।

**१४. आयोगलाई जाँचबुझसम्बन्धी कस्तो आधिकार रहेको छ ? त्यस्तो जाँचबुझको कार्यलाई असहयोग गरेमा आयोगले के गर्नसक्छ ?**

**उत्तर:** आफ्नो अधिकार क्षेत्रभित्र पर्न आएका उजुरी, निवेदन वा प्रतिवेदनहरूको कारबाही गर्ने सम्बन्धमा आयोगलाई प्रचलित नेपालको कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार रहेको छ । आयोगले जाँचबुझका सम्बन्धमा माग गरेका कागजात वा आवश्यक प्रमाणहरू नपठाउने, आयोगको कार्यमा असहयोग गर्ने वा आयोगमा उपस्थितिको लागि बोलाएकोमा उपस्थित नभई अटेर गर्नेलाई आयोगले विशेष टिप्पणी लेखी कारबाहीका लागि नेपाल सरकार, अधिकारप्राप्त निकाय वा अधिकारी समक्ष पठाउन सक्छ ।

***

# ३

# नेपालको अन्तरिम संविधान, २०६३

## (Interim Constitution of Nepal, 2007)

१. **मौलिक हक भनेको के हो ?**

**उत्तरः** राज्यले प्रत्येक व्यक्ति तथा नागरिकहरूलाई प्रत्याभूत गर्न सुनिश्चित गरेका हक र अधिकारहरूलाई मौलिक हक भनिन्छ । त्यस्ता मौलिक हकहरू संविधानमा व्यवस्था गरिएका हुन्छन् । मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्य मान्यता बमोजिम ती मौलिक हकहरू उपलब्ध गराउन राज्यले प्रतिबद्धता जनाएको हुन्छ । प्रजातान्त्रिक प्रणाली भएका देशका संविधानमा मौलिक हकलाई कतैबाट हनन हुन नदिन न्यायालयले संरक्षण गर्ने प्रावधान राखिएको हुन्छ ।

२. **नेपालको अन्तरिम संविधान-२०६३ मा मौलिक हकसम्बन्धी कस्तो प्रावधान रहेको छ ?**

**उत्तरः** नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा दिइएका मौलिक हकहरू यसप्रकार छन्: धारा १२: स्वतन्त्रताको हक, धारा १३: समानताको हक, धारा १४: छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, धारा १५: प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, धारा १६: वातावरण तथा स्वास्थ्यसम्बन्धी हक, धारा १७: शिक्षा तथा संस्कृतिसम्बन्धी हक, धारा १८: रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक, धारा १९: सम्पत्तिको हक, धारा २०: महिलाको हक, धारा २१: सामाजिक न्यायको हक, धारा २२: बालवालिकाको हक, धारा २३: धर्मसम्बन्धी हक, धारा २४: न्यायसम्बन्धी हक, धारा २५: निवारक नजरबन्दविरुद्धको हक, धारा २६: यातना विरुद्धको हक, धारा २७: सूचनाको हक, धारा २८: गोपनीयताको हक, धारा २९: शोषण विरुद्धको हक, धारा ३०: श्रमसम्बन्धी हक, धारा ३१: देश निकाला विरुद्धको हक, र धारा ३२: संवैधानिक उपचारको हक ।

**३. नेपालको अन्तरिम संविधान २०६३ अनुसार सङ्कटकालीन अवस्थामा निलम्बन गर्न सकिने हकहरू कुन कुन हुन् ?**

**उत्तरः** नेपालको अन्तरिम संविधान २०६३अनुसार सङकटकालीन अवस्थामा निलम्बन गर्न सकिने मौलिक हकहरू यसप्रकार छन् : नेपाल सरकार,मन्त्रिपरिषद्बाट उपधारा (१) बमोजिम सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ३ मा व्यवस्था भएका मौलिक हक निलम्बन गर्न सकिनेछ। तर धारा १२ को उपधारा (१) र (२) र उपधारा (३) को खण्ड 'ग' र 'घ', धारा (१३), (१४), धारा १५ को उपधारा (२) र र (३), धारा १६, १७, १८, २०, २१, २२, २३, २४, २६, २९, ३० र ३१ तथा त्यस्ता धारासँग सम्बन्धित धारा ३२ बमोजिम संवैधानिक उपचारको हक र बन्दीप्रत्येक्षिकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन।

**४. नेपालको अन्तरिम सँविधान, २०६३ मा राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी के व्यवस्था छ ?**

**उत्तरः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३१ देखि १३३ सम्म राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी व्यवस्था छ। यस संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायका रूपमा स्थापित गरेको छ। यस संविधानका अनुसार धारा १३१ मा आयोगको गठन सम्बन्धी व्यवस्था, धारा १३२ मा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ भने धारा १३३ आयोगले हरेक वर्ष राष्ट्रप्रमुख समक्ष मानव अधिकार सम्बन्धी वार्षिक प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ।

***

# ४

# सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

## (International Convention on the Elimination of All Forms of Racial Discrimination, 1965)

**१. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि के हो ? नेपालले यो महासन्धिलाई कहिले अनुमोदन गरेको थियो ?**

**उत्तरः** सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ भनेको सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्न तथा जातीय भेदभावका कारण पीडित भएका व्यक्ति वा समूहको अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि बनेको अन्तर्राष्ट्रिय महासन्धि हो । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६५ डिसेम्बर २१ मा पारित भई सन् १९६९ जनवरी ४ देखि लागू भएको हो । यसमा मा २५ ओटा धाराहरू रहेका छन् । नेपालले यो महासन्धिलाई सन् १९७१ जनवरी ३० मा अनुमोदन गरेको थियो ।

**२. यो महासन्धिमा जातीय भेदभावलाई कसरी परिभाषित गरिएको छ ?**

**उत्तरः** यो महासन्धिको धारा १ ले 'जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनमा या कुनै क्षेत्रमा जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई बुझाउँछ' भनी परिभाषित गरेको छ । तर, यस किसिमको जातीय विभेद, निषेध वा प्रतिबन्ध पक्षराष्ट्रको नागरिक र गैरनागरिकबीच समान रूपले लागु हुँदैन ।

**३. यो महासन्धिले जातीय विभेदविरुद्ध के-कस्ता अधिकार प्रदान गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा-५ ले जातीय विभेद विरुद्धमा देहाय बमोजिमका अधिकारहरू प्रदान गरेको छ-

(क) न्यायाधीकरण (ट्राइबुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) कुनै व्यक्तिमाथि कुनै सरकारी अधिकारी, समूह वा संस्थाहरूबाट हुने हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट पीडित व्यक्तिले संरक्षण पाउने अधिकार,

(ग) राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनहरूमा भाग लिने (मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) अन्य नागरिक अधिकारहरू :-

१) राष्ट्रको सीमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,

२) आफ्नो देशलगायत कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्किने अधिकार,

३) राष्ट्रियताको अधिकार,

४) विवाह गर्ने तथा वरवधू छान्ने अधिकार,

५) एक्लै वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार,

६) पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार,

७) विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार,

८) विचार र अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकार,

९) शान्तिपूर्ण भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताको अधिकार ।

(ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू:-

१) काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगारीविरुद्ध संरक्षण पाउने, समान कामका लागि समान तलब पाउने, उचित पारिश्रमिक पाउने अधिकार,

२) ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,

३) आवासको अधिकार,

४) सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,

५) शिक्षा तथा तालिम (प्रशिक्षण) को अधिकार,

६) सांस्कृतिक क्रियाकलापहरूमा समान सहभागिताको अधिकार,

(च) यातायात, होटल, रेस्टुरेन्ट, क्याफे, नाँचघर तथा उद्यानजस्ता सार्वजनिक स्थान वा सेवामा पहुँचको अधिकार ।

**४. कुनै व्यक्ति वा समूह माथि जातीयताको आधारमा भेदभाव भएमा पीडित पक्षका लागि यो महासन्धिले के-कस्तो व्यवस्था गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा ६ ले जातीय भेदभावको कारणले भएको कुनै पनि क्षतिका लागि उपयुक्त र उचित क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।

***

# ५

# नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

## (International Covenant on Civil and Political Rights, 1966)

१. **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भन्नाले के बुझ्नुहुन्छ ? नेपालले यसलाई कहिले अनुमोदन गरेको थियो ?**

**उत्तरः** कुनै राष्ट्रको नागरिक भएका हैसियतले मानिसले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारहरूलाई संरक्षण गर्न सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घले बनाएको प्रतिज्ञापत्रलाई नै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भनिन्छ । यो प्रतिज्ञापत्र संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सन् १९६६ डिसेम्बर १६ मा पारित भई सन् १९७६ मार्च २३ देखि लागु भएको हो । यसमा ५३ ओटा धाराहरू छन् । नेपालले यो प्रतिज्ञापत्रलाई सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो ।

२. **यो प्रतिज्ञापत्रले नागरिकलाई के-कस्ता अधिकार प्रदान गरेको छ ?**

**उत्तरः** यो प्रतिज्ञापत्रले नागरिकलाई प्रदान गरेका अधिकारहरू यस प्रकार छन्ः

(क) आत्मनिर्णयको अधिकार, धारा–१,

(ख) बाँच्न पाउने अधिकार, धारा–६,

(ग) क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकार, धारा–७,

(घ) दासत्व वा बलपूर्वकको श्रमविरुद्धको अधिकार, धारा–८,

(ङ) करारीय दायित्व पूरा नगरेकोमा कैदमा नराखिने अधिकार, धारा–११,

(च) स्वतन्त्र रूपमा आवतजावत गर्न पाउने अधिकार, धारा-१२,

(छ) कानुनको अगाडि समानता गरिने अधिकार, धारा– १४,

(ज) कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार, धारा–१६,

(झ) विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार, धारा–१८,

(ञ) गोपनीयताको अधिकार, धारा–१७,

(ट) बिना हस्तक्षेप विचार राख्न पाउने अधिकार (विचार र अभिव्यक्तिको अधिकार), धारा–१९,

(ठ) शान्तिपूर्वक भेला हुने अधिकार, धारा–२०,

(ड) आफ्नो हितको संरक्षणका लागि ट्रेड यूनियन खोल्न पाउने वा त्यसमा सम्मेलित हुने अधिकार, धारा–२२,

(ढ) विवाह र परिवार आरम्भ गर्ने अधिकार, धारा–२३,

(ण) बालबालिकाले बिना भेदभाव आवश्यक संरक्षण पाउने अधिकार, धारा–२४ ।

## ३. यो प्रतिज्ञापत्रले जीवन सम्बन्धी अधिकारलाई कसरी सुनिश्चित गरेको छ ?

**उत्तरः** यो प्रतिज्ञापत्रको धारा ६ ले जीवन सम्बन्धी अधिकारहरूलाई यसरी सुनिश्चित गरेको छः

(क) प्रत्येक व्यक्तिलाई जीवनको अधिकार छ । कानुनद्वारा यो अधिकारको संरक्षण गरिने छ । स्वेच्छाचारी रूपले कसैको पनि जीवनहरण गरिने छैन ।

(ख) मृत्युदण्डको उन्मूलन नगरेका देशहरूमा गम्भीर अपराधहरूमा अपराध गर्दाको समयमा लागु रहेको कानुनअनुसार र यो प्रतिज्ञापत्रका व्यवस्थाहरू तथा आमहत्याको अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धिका व्यवस्थाहरू विपरित नहुने गरी मृत्युदण्ड दिन सकिनेछ । सक्षम अदालतले गरेको अन्तिम निर्णयअनुसार माग भएको दण्ड कार्यान्वयन गर्न सकिने छ ।

(ग) मृत्युदण्डको सजाय पाएको कुनै पनि व्यक्तिलाई सजायबाट माफी वा दण्ड कटौतीको माग गर्ने अधिकार हुनेछ । सबै मुद्दाहरूमा माफी दिने, क्षमादान दिने वा मृत्युदण्डको सजायलाई कम गर्न सकिने छ ।

(घ) १८ वर्ष मुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइने छैन तथा गर्भवती महिलाहरू उपर यस्तो दण्ड कार्यान्वयन हुने छैन ।

**४. यो प्रतिज्ञापत्रले व्यक्तिलाई के-कस्तो स्वतन्त्रता तथा सुरक्षाको अधिकार प्रदान गरेको छ ?**

**उत्तरः** यो प्रतिज्ञापत्रको धारा ९ ले व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको निम्न अधिकारहरू प्रदान गरेको छ-

(क) कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन । कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन ।

(ख) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा पक्राउ गरेको कारणको जानकारी दिनुपर्ने छ र यथाशीघ्र निजविरुद्धको अभियोगबारे पनि सूचित गर्नुपर्नेछ ।

(ग) कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकारप्राप्त अधिकारी समक्ष तुरुन्त ल्याइने छ । त्यस्तो व्यक्तिलाई उचित समयभित्र सुनुवाई गरिपाउने वा छुट्करा पाउने अधिकार हुनेछ । सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन तर निजको रिहाई भने न्यायिक कारबाहीको अन्य कुनै पनि चरणको सुनुवाईमा उपस्थित हुने अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गन जमानत धरौटीको अधीनमा रहन सक्नेछ ।

(घ) पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारबाही थालनी गर्न पाउनेछ ताकि सो अदालतले बिलम्ब नगरी निजको थुनाको वैधताका सम्बन्धमा निर्णय गर्न तथा थुन्ने कार्य वैधानिक नभएमा निजलाई रिहा गर्न आदेश दिन सक्नेछ ।

(ङ) गैरकानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने अधिकार हुनेछ ।

**५. यो प्रतिज्ञापत्र अनुसार प्रत्येक सम्प्रदायलाई आफ्नो सम्प्रदायको अस्तित्व कायम राखिराख्न के-कस्तो अधिकार प्राप्त छ ?**

**उत्तरः** यो प्रतिज्ञापत्र अनुसार प्रत्येक सम्प्रदायलाई आफ्नो सम्प्रदायको अस्तित्व कायम राख्न धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न पाउने अधिकार छ ।

**६. यो प्रतिज्ञापत्र अनुसार अल्पसंख्यकहरूको भाषा, लिपि र संस्कृतिको संरक्षण तथा सम्बर्द्धनको सम्बन्धमा कस्तो अधिकार रहेको छ ?**

**उत्तरः** यो प्रतिज्ञापत्रको धारा २७ अनुसार अल्पसङ्ख्यक समुदायलाई पनि अरू सरह आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्न पाउने अधिकार छ । साथै, उनीहरूलाई सनातनदेखि चलिआएको आनो धर्मको अवलम्बन र अभ्यास गर्न पाउने स्वतन्त्रता छ ।

***

# ६

# आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

**(International Covenant on Economic, Social and Cultural Rights, 1966)**

**१. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भन्नाले के बुझिन्छ ? नेपालले यो प्रतिज्ञापत्रलाई कहिले अनुमोदन गरेको थियो ?**

**उत्तरः** मानवजातिले उपभोग गर्न पाउने आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको संरक्षण गर्नका लागि बनाइएको प्रतिज्ञापत्रलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भनिन्छ । यो प्रतिज्ञापत्र संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९६६ डिसेम्बर १६ मा पारित गरी सन् १९७६ जनवरी ३ देखि लागु भएको हो । यसमा ३१ धाराहरू छन् । यो प्रतिज्ञापत्रलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो ।

**२. यो प्रतिज्ञापत्रले नागरिकलाई के-कस्तो अधिकार प्रदान गरेको छ ?**

**उत्तरः** यो प्रतिज्ञापत्रले नागरिकलाई प्रदान गरेका अधिकारहरू निम्न छन्:

(क) आत्मनिर्णयको अधिकार, धारा- १,

(ख) महिला र पुरुषको समान अधिकार, धारा- ३,

(ग) काम गर्ने अधिकार, धारा- ६,

(घ) सङ्गठन वा ट्रेड युनियन खोल्ने अधिकार, धारा- ८ (१) क,

(ङ) हड्ताल गर्ने अधिकार, धारा- ८(१) घ,

च) सामाजिक सुरक्षाको अधिकार, धारा- ९,

(छ) विवाह तथा परिवारको अधिकार, धारा- १० (१),

(ज) मातृत्वको संरक्षणको अधिकार, धारा- १० (२),

(झ) आर्थिक, समाजिक शोषणबाट सुरक्षा पाउने अधिकार धारा - १० (३),

(ञ) खाना, कपडा र आबासको अधिकार, धारा- ११ (१),

(ट) भोकबाट मुक्त हुने अधिकार, धारा- ११ (२),

(ठ) स्वास्थ्यसम्बन्धी अधिकार, धारा- १२ (१),

(ड) शिक्षासम्बन्धी अधिकार, धारा-१३ (१)।

**३. यो प्रतिज्ञापत्र अनुसार राज्यले के-कस्ता दायित्व निर्वाह गर्नुपर्ने व्यवस्था छ ?**

**उत्तरः** यो प्रतिज्ञापत्र अनुसार राज्यले निम्न दायित्वहरू निर्वाह गर्नुपर्ने हुन्छः

(क) परिवार स्थापनाका लागि यसलाई सुरक्षा तथा सहायता दिनुपर्ने, धारा- १०(१),

(ख) शिशु जन्मनु अघि र पछि आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने, धारा- १०(२),

(ग) पितृत्व वा अन्य अवस्थाका कारणबाट कुनै भेदभाव बिना सम्पूर्ण बालबालिका तथा युवाहरूको पक्षमा संरक्षण एवम् सहायताका विशेष उपायहरू अपनाउनु पर्ने, धारा- १०(३),

(घ) प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवासको अधिकार प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नुपर्ने, धारा- ११(१),

(ङ) प्रत्येक व्यक्तिको शारीरिक एवम् मानसिक स्वास्थ्यको उच्चतम स्तरको सेवा उपभोग गर्ने अधिकारको पूर्ण प्राप्ति गर्न चाल्नुपर्ने आवश्यक कदम, धारा- १२ (२)। यस अन्तर्गत

- शिशु मृत्युदर घटाउने तथा बालस्वास्थ्यको व्यवस्था गर्नुपर्ने,
- वातावरणीय तथा औद्योगिक सरसफाईका सम्पूर्ण पक्षको सुधार गर्नुपर्ने,
- प्रकोप, महामारी तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्नुपर्ने,
- बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्नुपर्ने।

च) शिक्षाको अधिकार पूर्ण प्राप्ति गर्नका लागि चाल्नुपर्ने आवश्यक कदम, धारा- १३(२) । यस अन्तर्गत

- सबैका लागि प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्ने,
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षासमेत संलग्न गरी त्यसमा सबैको पहुँच पुऱ्याउनुपर्ने,
- उच्च शिक्षामा समान रूपले सबैको पहुँच पुग्ने बनाउनुपर्ने,
- प्राथमिक शिक्षा पूरा नगरेकाहरूकाहरूलाई शैक्षिक कार्यक्रममा सहभागी गराउने,
- सबैतहमा पाठशाला प्रणालीको विकास, छात्रवृत्तिको पर्याप्त व्यवस्था तथा शिक्षण कर्मचारीको भौतिक अवस्थालाई निरन्तर सुधार गर्नुपर्ने ।

**४. यो प्रतिज्ञापत्रमा व्यक्तिको रोजगारी र पारिश्रमिकसम्बन्धी के-कस्ता अधिकारहरू उल्लेख गरिएका छन् ?**

**उत्तरः** यो प्रतिज्ञापत्रको धारा ६ अनुसार प्रत्येक व्यक्तिलाई स्वेच्छाले रोजगारी रोज्न सक्ने र काम गर्नको निम्ति उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने अधिकार छ । त्यसैगरी, धारा ७ (क) अनुसार प्रत्येक व्यक्तिलाई बिना भेदभाव समान कामका लागि समान पारिश्रमिक पाउने अधिकारको व्यवस्था छ ।

**५. यो प्रतिज्ञापत्रमा आमा र शिशुहरूका लागि कुनै विशेष अधिकार छ ?**

**उत्तरः** छ, यो प्रतिज्ञापत्रको धारा १०(२) अनुसार आमा र शिशुहरूलाई विशेष हेरचाह र सहायता पाउने अधिकारबारे स्पष्ट उल्लेख गरिएको छ । सुत्केरी हुनु अघि र पछि रोजगार महिलाहरूले तलब सुविधासहितको उचित बिदा पाउनुपर्छ ।

**६. सामाजिक अधिकारभित्र के-कस्ता अधिकारहरू पर्दछन् ?**

**उत्तरः** सामजिक अधिकारभित्र देहाय बमोजिमका अधिकारहरू पर्दछन्:

क) सामाजिक सुरक्षाको अधिकार,

ख) खाना, कपडा र आवासको अधिकार,

ग) स्वास्थ्य सम्बन्धी अधिकार,

घ) शिक्षा सम्बन्धी अधिकार ।

**७ के आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छीक आलेख जारी भएको छ ?**

**उत्तरः** छ । नेपालले आर्थिक, सामाजिक तथा साँास्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छीक आलेख अनुमोदन गरेको छैन ।

***

# ७

# महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

## (Convention on the Elimination of all Forms of Discrimination against Women, 1979)

**१. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि भन्नाले के बुझिन्छ ?**

**उत्तरः** महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि महिलाको मानव अधिकार संरक्षण गर्ने प्रमुख महासन्धि हो । महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नु एवम् महिला र पुरुषबीच समानता कायम गर्नु यस महासन्धिको मुख्य उद्देश्य रहेको छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९७९ डिसेम्बर १८ मा पारित भई सन् १९८१ सेप्टेम्बर ३ देखि लागु भएको हो । यो महासन्धिमा ३० ओटा धाराहरू रहेका छन् । यो महासन्धिलाई नेपालले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो ।

**२. यस महासन्धिले महलिा विरुद्धको भेदभावलाई कसरी परिभाषित गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा १ अनुसार 'महिलाविरुद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै पनिविषयमा वैवाहिक स्थिति जे-जस्तो रहेको भएता पनि लिङ्गका आधारमाहुने कुनै पनि भेदभाव, बहिष्कार वा प्रतिबन्धलाई जनाउँछ  भनी परिभाषित गरेको छ

**३. यो महासन्धिले महिलालाई के-कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

**उत्तरः** यो महासन्धिले महिलालाई प्रदान गरेका अधिकारहरू निम्न छन्:

क) बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषणविरुद्धको अधिकार, धारा ६,

ख) सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार, धारा–७,

ग) अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने समान अधिकार, धारा–८,

घ) राष्ट्रियता सम्बन्धी अधिकार, धारा–९,

ङ) शिक्षा सम्बन्धी अधिकार, धारा–१०,

च) रोजगारीको अधिकार, धारा–११,

छ) स्वास्थ्य सम्बन्धी अधिकार, धारा–१२,

ज) आर्थिक तथा पारिवारिक लाभको अधिकार, धारा–१३,

झ) ग्रामीण महिलालाई विशेष अधिकार, धारा–१४,

ञ) कानुनी समानताको अधिकार, धारा–१५,

ट) विवाह तथा परिवारको अधिकार, धारा–१६ ।

**४. महिलालाई सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको के-कस्तो अधिकार प्राप्त छ ?**

**उत्तरः** यो महासन्धिको धारा-७ ले महिलालाई सार्वजनिक र राजनीतिक जीवनमा पुरुषसरह समान सहभागिताको अधिकार प्रदान गरेको छ । यसअन्तर्गत निम्न अधिकारहरू छन् -

(क) प्रत्येक महिलालाई मत दिन पाउने अधिकार,

(ख) सार्वजनिक रूपमा सार्वजनिक पद धारण गर्ने अधिकार,

(ग) नीति निर्माणमा सरिक हुने अधिकार,

(घ) गैरसरकारी संस्था, राजनीतिक सङ्गठन तथा अन्तर्राष्ट्रिय तहमा सहभागी हुने अधिकार ।

**५. यो महासन्धिले महिलाको राष्ट्रियता सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा ९ ले महिलाको राष्ट्रियताको सम्बन्धमा निम्न व्यवस्था गरेको छ-

(क) पुरुषसरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार,

(ख) विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार,

(ग) पतिको राष्ट्रियता जे-जस्तो भएता पनि महिलालाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार,

(घ) सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुषसरह महिलालाई पनि समान अधिकार ।

**६. यो महासन्धिले महिलालाई शिक्षा क्षेत्रमा कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा १० ले शिक्षा क्षेत्रमा महिलालाई पनि पुरुषसरह निम्न अधिकारहरू प्रदान गरेको छः

(क) अध्ययन गर्ने र उपाधि पाउने अधिकार,

(ख) सबै प्रकारका व्यावसायिक प्रशिक्षणको अधिकार,

(ग) समान भौतिक सुविधाको शैक्षिक अधिकार,

(घ) छात्रवृत्ति सम्बन्धी अधिकार,

(ङ) पढाइ छोड्ने छात्राहरूको सक्रिय रूपमा शैक्षिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार,

(च) खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार,

(छ) परिवार नियोजनसम्बन्धी सूचना/सल्लाह एवम् परिवारको स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार ।

**७. यो महासन्धिले महिलालाई रोजगारी सम्बन्धी कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा ११ ले महिलालाई पनि पुरुषसरह रोजगारी सम्बन्धी अधिकारहरू प्रदान गरेको छ । त्यस्तै यसै धाराले विवाह वा मातृत्वका आधारमा महिलाविरुद्ध हुने भेदभाव विरुद्धका अधिकारहरू समेत सुनिश्चित गरेको छ । ती अधिकारहरू निम्न छन्:

(क) रोजगारीमा समान अवसरको अधिकार,

(ख) स्वतन्त्र रूपमा रोजगारी चयन गर्न पाउने अधिकार,

(ग) सेवाका सर्त र सुरक्षासम्बन्धी अधिकार,

(घ) समान पारिश्रमिक तथा सुविधाको अधिकार,

(ङ) पूरा तलब सहितको प्रसूति बिदाको अधिकार,

(च) गर्भवती भएका आधारमा पदबाट हटाउन नपाउने अधिकार

(छ) बाल स्याहार सुविधा उपभोगको अधिकार,

(ज) गर्भवती महिलालाई जोखिमपूर्ण काममा लगाउन नपाउने अधिकार ।

**७. यो महासन्धिले महिलाको स्वास्थ्यसम्बन्धी अधिकारमा के-कस्तो व्यवस्था गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा-१२ ले स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभाव विरुद्ध निम्न अधिकारहरू प्रदान गरेको छः

(क) महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य र स्याहारसम्बन्धी सेवा बिना कुनै भेदभाव पुरुषसरह प्रदान गर्नुपर्ने,

(ख) महिलालाई गर्भवती, प्रसूति र प्रसूतिपश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनुपर्ने,

(ग) गर्भवती तथा स्तनपानको समयमा महिलालाई पर्याप्त पोषण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

**८. महिलाहरूलाई विवाह र परिवारको सम्बन्धमा के-के अधिकारहरू प्राप्त छन् ?**

**उत्तरः** महासन्धिको धारा १६ ले महिलालाई विवाह र परिवारको सम्बन्धमा देहायबमोजिमको अधिकार प्रदान गरेको छः

(क) विवाह गर्ने अधिकार,

(ख) स्वतन्त्ररूपमा आफ्नो जीवनसाथी छान्न पाउने अधिकार,

(ग) सम्बन्ध विच्छेदको अधिकार,

(घ) सम्पत्तिमा पति-पत्नी दुवैको समान अधिकार,

(ङ) सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार,

(च) सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार ।

**९. यो महासन्धिले ग्रामीण महिलालाई के-कस्ता विशेष अधिकारहरू प्रदान गरेको छ ?**

**उत्तरः** यस महासन्धिको धारा १४ ले ग्रामीण महिलालाई पुरुषसरह विकासमा सहभागी हुन देहायका अधिकारहरू प्रदान गरेको छः

(क) विकास योजनाको बिस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार,

(ख) परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायत पर्याप्त स्वास्थ्य सुविधा पाउने अधिकार,

(ग) सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार,

(घ) औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार,

(ङ) स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार,

(च) समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार,

(छ) आवास, सरसफाई, विद्युत्, यातायात, खानेपानी तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार ।

***

# ८

# यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४

## (Convention Against Torture, and Other Cruel, Inhuman or Degrading Treatment or Behaviour, 1984)

१. **यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि भन्नाले के बुझिन्छ ?**

**उत्तरः** कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने महासन्धिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९८४ डिसेम्बर १० मा पारित भई सन् १९८७ जुन २६ देखि लागु भएको हो । यो महासन्धिमा ३३ धारा छन् ।

२. **यो महासन्धिलाई नेपालले कहिले अनुमोदन गरेको हो ?**

**उत्तरः** यो महासन्धिलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको हो ।

३. **यो महासन्धिमा 'यातना' भन्ने शब्दले के जनाउँदछ ?**

**उत्तरः** यो महासन्धिको धारा १ (१) अनुसार 'यातना' भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक अधिकारीको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साबिति लिने वा तेस्रो व्यक्तिले गरेको भनी शङ्का गरिएको कार्यका लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरूका लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ ।

**४. के यातनाबाट लिइएको बयानलाई प्रमाणको रूप मान्न सकिन्छ ?**

**उत्तरः** यो महासन्धिको धारा १५ अनुसार यातनाबाट लिइएको बयानलाई प्रमाणको रूप मान्न सकिँदैन ।

**५. यातनालाई पक्षराष्ट्रले कस्तो कानुनअन्तर्गत राख्नुपर्छ ?**

**उत्तरः** यो महासन्धिको धारा ४ अनुसार यातनाका सबै कार्यहरूलाई पक्षराष्ट्रले आफ्नो फौजदारी कानुनअन्तर्गत राख्नुपर्ने र यस्ता कसुरहरूलाईतिनीहरूको गम्भीर प्रकृतिको समेत विचार गरी उपयुक्त दण्ड-सजायबाट दण्डनीय बनाउनुपर्ने कुरामा जोड दिन्छ ।

**६. यो महासन्धिले क्षतिपूर्ति सम्बन्धी अधिकारबारे के भन्दछ ?**

**उत्तरः** यो महासन्धिको धारा १४ ले यातनाको कार्यबाट पीडित व्यक्तिले उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्नसक्छ । यातनाको फलस्वरूप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरूले क्षतिपूर्ति पाउने अधिकार छ ।

**७. यो महासन्धिले कसलाई यातना निषेध शिक्षा तथा जानकारी दिनुपर्ने कुरामा जोड दिन्छ ?**

**उत्तरः** यो महासन्धिको धारा १० ले कानुन कार्यान्वयन गर्ने कर्मचारीहरू, निजामति वा सैनिक, चिकित्सा कर्मचारी, सार्वजनिक अधिकारी तथा कुनै प्रकारको पक्राउ, थुना वा कैदमा परेका कुनै व्यक्तिको थुना, सोधपुछ वा उपचारमा संलग्न हुने अन्य व्यक्तिहरूको तालिममा यातना निषेधसम्बन्धी शिक्षा तथा जानकारी समावेश गर्नुपर्ने कुरामा जोड दिन्छ ।

***

# ९

# बाल अधिकार महासन्धि, १९८९

## (Convention on the Rights of Child, 1989)

१. **बाल अधिकार सम्बन्धी महासन्धि भन्नाले के बुझिन्छ ?**

**उत्तर:** बालबालिकाको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने अन्तर्राष्ट्रिय महासन्धिलाई नै बालअधिकार सम्बन्धी महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९८९ नोभेम्बर २० मा पारित भई सन् १९९० सेप्टेम्बर २ देखि लागु भएको हो । यो महासन्धिमा ५४ ओटा धाराहरू रहेका छन् । यो महासन्धिको धारा १८ अनुसार बालबालिकाको पालनपोषण लागि प्राथमिक दायित्व आमा बाबुको हुन्छ र यसलाई राज्यले पनि सहयोग गर्नुपर्छ ।

२. **नेपालले यो महासन्धिलाई कहिले अनुमोदन गरेको हो ?**

**उत्तर:** नेपालले यो महासन्धिलाई सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको हो ।

३. **यो महासन्धिले 'बालबालिका'लाई कसरी परिभाषित गरेको छ ? महासन्धिले बालबालिकालाई के–कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

**उत्तर:** यो महासन्धिको धारा १ मा बालबालिकासम्बन्धी कानुनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई बालबालिका मान्नुपर्छ भनी परिभाषित गरेको छ । यो महासन्धिले बालबालिकाहरूलाई निम्न अधिकारहरू प्रदान गरेको छः-

(क) नाम र राष्ट्रियताको अधिकार, धारा- ७,

(ख) आमाबाबुसँग बसोबास गर्ने अधिकार, धारा- ९,

(ग) पारिवारिक पुनर्मिलनको अधिकार, धारा- १०,

(घ) बालबालिकाको विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार, धारा- ११,

(ङ) अभिव्यक्ति स्वतन्त्रताको अधिकार, धारा- १३,

(च) विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार, धारा- १४,

(छ) सङ्गठन सम्बन्धी स्वतन्त्रताको अधिकार, धारा- १५,

(ज) निजीपन संरक्षणको अधिकार,

(झ) उचित जानकारीको प्राप्तिको अधिकार, धारा- १६,

(ञ) अपाङ्ग बालबालिकाहरूको अधिकार, धारा- २३,

(ट) स्वास्थ्य र स्वास्थ्यसेवाको अधिकार, धारा- २४,

(ठ) सामाजिक सुरक्षाको अधिकार, धारा- २६,

(ड) शिक्षाको अधिकार, धारा- २८,

(ढ) अल्पसङ्ख्यक वा आदिवासी जनताका बालबालिकाले पाउनुपर्ने अधिकार, धारा- ३०,

(ण) फुर्सद, आराम र साँस्कृतिक क्रियाकलापहरू गर्न पाउने अधिकार, धारा- ३१,

(त) लागु पदार्थको दुरूपयोग सम्बन्धी अधिकार, धारा- ३३,

(थ) यौन शोषणबाट संरक्षण पाउनुपर्ने अधिकार, धारा- ३४,

(द) अन्य किसिमका शोषणबाट सुरक्षित हुने अधिकार, धारा- ३६ ।

४. **बालबालिकाप्रति राज्यले निर्वाह गर्नुपर्ने दायित्व के-के हुन् ?**

**उत्तर:** यो महासन्धि अनुसार बालबालिकाप्रति राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू निम्न छन्:

(क) भेदभाव गर्न नहुने, धारा- २,

(ख) आमाबाबु वा अन्य जिम्मेवार मानिसहरूले बेवास्ता गरेमा पर्याप्त स्याहार गर्नुपर्ने, धारा- ३,

(ग) अधिकारहरूको कार्यान्वयन गर्नुपर्ने, धारा- ४,

(घ) बाबुआमाको मार्गदर्शन र बालबालिकाको उदयोन्मूख क्षमता अभिबृद्धि गर्नुपर्ने, धारा- ५,

(ङ) दीर्घजीवन र विकास गर्नुपर्ने, धारा- ६,

(च) परिचय संरक्षण गर्नुपर्ने, धारा- ८,

(छ) बाबुआमाबाट बिछोड भएमा संरक्षण दिनुपर्ने, धारा- ९,

(ज) बालबालिकाहरूको विदेशमा अवैध स्थानान्तरण वा अपहरणसम्बन्धी अधिकारको रक्षा गर्नुपर्ने, धारा- ११,

(झ) बालबालिकाहरूलाई ज्ञानबर्द्धक जानकारी दिनुपर्ने, धारा- १७,

(ञ) दुर्व्यवहार र उपेक्षाबाट संरक्षण गर्नुपर्ने, धारा- १९,

(ट) परिवारबिहीन बालबालिकाको संरक्षण गर्नुपर्ने, धारा- २०,

(ठ) शरणार्थी बालबालिकालाई संरक्षण र सहयोग गर्नुपर्ने, धारा- २२,

(ड) बाल मजदूरको संरक्षण गर्नुपर्ने, धारा- ३२,

(ढ) बेचबिखन, सौदाबाजी र अपहरण रोकथाम गर्नुपर्ने, धारा - ३५,

(ण) सामाजिक पुनर्स्थापना गर्नुपर्ने, धारा- ३९,

(त) उचित न्यायिक कारबाही गर्नुपर्ने, धारा- ४० ।

**५. बालबालिकाले गरेको अपराध सम्बन्धमा यो महासन्धिले कस्तो व्यवस्था गरेको छ ?**

**उत्तरः** यो महासन्धिको धारा ३७ ले बालबलिकाले गरेको अपराधका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ-

(क) बालबालिकालाई यातना नदिने तथा अन्य क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजाय नगर्ने,

(ख) १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरेका कसूरहरूका लागि मृत्युदण्ड वा आजीवन काराबासको सजाय नदिइने,

(ग) बालबालिकाको कुनै पनि स्वतन्त्रता अपहण नगरिने,

(घ) सक्षम र स्वतन्त्र अदालतबाट उपचार पाउनुपर्ने ।

**६. यो महासन्धिका अनुसार बालबालिकाको शिक्षासम्बन्धी राज्यले के-कस्तो व्यवस्था गर्नुपर्दछ ?**

**उत्तरः** यो महासन्धिको धारा २८ अनुसार राज्यले बालबालिकाको शिक्षा सम्बन्धमा निम्न व्यवस्था गर्नु पर्दछः-

(क) प्राथमिक शिक्षा सबैलाई अनिवार्य र निःशुल्क उपलब्ध गराउने,

(ख) प्रत्येक बालबालिकालाई माध्यमिक शिक्षा उपलब्ध गराउने र माध्यमिक शिक्षामा उनीहरूको पहुँच पुर्‍याउने,

(ग) क्षमताको आधारमा सबैका निम्ति उपयुक्त साधनहरूद्वारा उच्च शिक्षा प्राप्त हुनसक्ने गराउने,

(घ) सम्पूर्ण बालबालिकाहरूलाई शैक्षिक र व्यावसायिक जानकारी उपलब्ध गराउने,

(ङ) विद्यालयहरूमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाई परित्याग गर्नेहरूको सङ्ख्या घटाउन विभिन्न उपायहरू अपनाउने ।

## ७. सशस्त्र सङ्घर्षको समयमा बालबालिकाप्रति राज्यको कस्तो दायित्व रहन्छ ?

**उत्तर:** यो महासन्धिको धारा ३८ अनुसार सशस्त्र सङ्घर्षको समयमा बालबालिकाप्रति राज्यको निम्नानुसारको दायित्व रहन्छ:

(क) अन्तर्राष्ट्रिय मानवीय कानुनमा सशस्त्र सङ्घर्षका सम्बन्धमा राज्यले बालबालिकासँग सम्बन्धित व्यवस्थाहरूको आदर गर्ने र गराउने,

(ख) १५ वर्ष नपुगेका बालबालिकालाई लडाईंमा प्रत्यक्ष भाग लिन नलगाउने व्यवस्था गर्न हरसम्भव उपायहरू अपनाउनु पर्ने,

(ग) १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई सशस्त्र सेनामा भर्ना गर्नबाट रोक लगाउनुपर्ने,

(घ) १५ वर्ष पुगेका तर १८ वर्ष नपुगेका मानिसहरूमध्येबाट भर्ना गर्दा जेठोलाई प्राथमिकता दिनु पर्ने,

(ङ) अन्तर्राष्ट्रिय मानवीय कानुन अनुसार सशस्त्र लडाईंबाट गैरसैनिक नागरिकलाई जोगाउने आफ्नो दायित्व भएकाले सशस्त्र लडाईंबाट प्रभावित बालबालिकाहरूको संरक्षण र स्याहार गर्ने सम्बन्धमा सबै उपयुक्त कदमहरू चाल्नुपर्ने ।

***

# १०

# आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०

**(International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families, 1990)**

१. **आप्रवासी कामदार तथा तिनको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि के बुझिन्छ ?**

**उत्तरः** आप्रवासी कामदार तथा तिनको परिवारका सदस्यहरूको मानव अधिकार संरक्षण गर्न संयुक्त राष्ट्रसङ्घको महासभाले यो महासन्धिलाई सन् १९९० डिसेम्बर १८ मा पारित गरेको हो । सन् २००३ जुलाइ १ देखि लागु भएको छ । यसमा ९३ ओटा धाराहरू रहेका छन् ।

२. **के नेपालले यो सन्धिलाई हालसम्म हस्ताक्षर तथा अनुमोदन गरेको छ ?**

**उत्तरः** नेपालले यो सन्धिलाई हालसम्म हस्ताक्षर तथा अनुमोदन गरेको छैन ।

३. **यो महासन्धिले आप्रवासी कामदारहरूको के-कस्ता अधिकारहरूलाई सुनिश्चित गरेको छ ?**

**उत्तरः** यो महासन्धिलाई अनुमोदन गर्ने हरेक राष्ट्रले आप्रवासी कामदारहरूबीच राष्ट्रियताको आधारमा भेदभाव नगरिने कुरालाई सुनिश्चित गर्नु पर्दछ । त्यस्तै, यो महासन्धिको पक्षराष्ट्रले आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूलाई समेत आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारहरू, नागरिक तथा राजनीतिक अधिकारहरू उपलब्ध गराउनु पर्दछ । यसका साथै, यो महासन्धिले जातीय विभेद बिरुद्धको अधिकार, महिला अधिकार र बालअधिकारका सवालहरूलाई समेत विशेष ध्यान दिई आप्रवासी कामदारहरूका मानव अधिकारहरूको संरक्षण गर्ने दायित्व पक्ष राष्ट्रहरूलाई तोकेको छ ।

**४. यो महासन्धिअनुसार आप्रवासी कामदार भनेको को हो ? आप्रवासी कामदारहरू कति प्रकारका हुन्छन् ?**

**उत्तरः** यो महासन्धि अनुसार विदेशमा तलब पाउने कार्यमा लगाईने, लागेको वा लगाईएको व्यक्तिलाई आप्रवासी कामदार भनिन्छ । यस महासन्धिले आप्रवासी कामदारहरूलाई आठ समूहमा विभाजन गरेको छः

(क) सीमाक्षेत्रका कामदार,

(ख) विदेशी प्रतिष्ठानका कामदार,

(ग) मौसमी कामदार,

(घ) यात्रा सूचीका कामदार,

(ङ) आयोजनामा आबद्ध कामदार,

(च) सामूहिक कामदार,

(छ) बिशेष रोजगारीका कामदार,

(ज) स्वरोजगार कामदार ।

**५. कस्ता व्यक्तिहरू आप्रवासी कामदार होइनन् ?**

**उत्तरः** यो महासन्धिका अनुसार अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा निकायमा काम गर्ने व्यक्ति, कुटनीतिज्ञ, लगानीकर्ता, शरणार्थी र राज्यविहीन व्यक्ति, विद्यार्थी एवम् प्रशिक्षार्थीहरू आप्रवासी कामदार होईनन् ।

**६. यो महासन्धिले आप्रवासी कामदार तथा तिनीहरूको परिवारका सदस्यहरूका लागि के-कस्ता श्रमसम्बन्धी अधिकारहरूको व्यवस्था गरेको छ ?**

**उत्तरः** अनिवार्य श्रमविरुद्ध संरक्षणको अधिकार, रोजगारी दिने देशको नागरिकसरह न्यूनतम रोजगारीको सहुलियत र सुविधा प्राप्त गर्ने अधिकार, अतिरिक्त समयमा गरेको काम, कार्य समय, साप्ताहकि बिदा, तलबी बिदा, सुरक्षा, स्वास्थ्यको अधिकार आप्रवासी कामदारहरू वा तिनका परिवारका सदस्यहरूलाई हुनुपर्नेछ । त्यस्ता कुराहरूमा रोजगारी दिने देशको नागरिकभन्दा कम सहुलियत नहुने गरी क्षतिपूर्ति पाउने अधिकार आप्रवासी कामदारहरूलाई हुनेछ । त्यस्तै, आप्रवासी कामदार वा तिनका परिवारका सदस्यहरूलाई रोजगारी दिने राष्ट्रका नागरिक सरह समानताको अधिकार र समाजिक सुरक्षाको अधिकार रहने छ । तर, कठोर श्रम सहितको कारावासको सजाय पाएको अवस्थामा त्यस्तो अधिकार निलम्बित वा नियन्त्रित हुन सक्नेछ ।

**७. आप्रवासी कामदारहरूलाई ट्रेड युनियन र सङ्घ सस्थामा आबद्ध हुने अधिकार छ ?**

**उत्तरः** यो महासन्धिले आप्रवासी कामदारहरूलाई ट्रेड युनियन र सङ्घसंस्थामा आबद्ध हुने तथा यसको बैठक र क्रियाकलापमाहरूमा सहभागी हुने अधिकार प्रदान गरेको छ । रोजगारी दिने देशमा ट्रेड युनियन र सङ्घहरू गठन गर्न पाउने स्वतन्त्रता पनि आप्रवासी कामदारहरूलाई यो महासन्धिले प्रदान गरेको छ ।

**८. यो महासन्धिअनुसार उत्पत्तिको राष्ट्र, रोजगारीको राष्ट्र र बाटोमा पर्ने राष्ट्र भन्नाले के बुझिन्छ ?**

**उत्तरः** यो महासन्धिअनुसार उत्पत्तिको राष्ट्र भन्नाले आप्रवासी कामदार जुन देशको नागरिक हो, त्यस देशलाई सम्झनु पर्दछ । रोजगारीको राष्ट्र भन्नाले आप्रवासी कामदारले कुनै पारिश्रमिक पाउने काम गर्दै रहेको, काम लगाईने वा लगाएको राष्ट्र सम्झनु पर्छ । त्यस्तै, बाटोमा पर्ने राष्ट्र भन्नाले उत्पत्तिको राष्ट्रबाट रोजगारीको राष्ट्रसम्म र रोजगारीको राष्ट्रबाट उत्पत्ति वा बसोबासको राष्ट्रसम्म आउनेजाने बाटोमा परेका देशहरू भन्ने बुझिन्छ ।

**९. यो महासन्धिअनुसार आप्रवासी कामदार तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको के कस्तो व्यवस्था छ ?**

**उत्तरः** यो महासन्धिमा आप्रवासी कामदार तथा तिनीहरूका परिवारका सदस्यहरूका लागि विभिन्न अधिकारहरू सुनिश्चित गरिएको छ । ती अधिकारहरू यसप्रकार छन् :

(क) कुनै पनि राष्ट्र छोड्न पाउने अधिकार,

(ख) उत्पत्तिको राष्ट्रमा कुनै पनि समयमा प्रवेश गर्न र बस्न पाउने अधिकार,

(ग) बाँच्न पाउने अधिकार,

(घ) यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार,

(ङ) दासता विरुद्ध संरक्षणको अधिकार,

(च) विवेक र धर्मको स्वतन्त्रतासम्बन्धी अधिकार,

(छ) विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,

(ज) सम्पत्तिको स्वामित्वबाट स्वेच्छाचारी हस्तक्षेप विरुद्ध संरक्षणको अधिकार,

(झ) स्वतन्त्रता तथा व्यक्तिको सुरक्षासम्बन्धी अधिकार,

(ञ) कूटनीतिक निकायबाट संरक्षण तथा सहयोगको याचना गर्न पाउने अधिकार,

(ट) कानुनको अगाडि समानताको अधिकार, आपतकालीन स्वास्थ्य सुविधाको अधिकार,

(ठ) उत्पत्तिको राष्ट्रसँग सांस्कृतिक सम्बन्ध कायम गर्न पाउने अधिकार,

(ड) निजी सम्पत्तिको प्रयोगको अधिकार, सूचनाको अधिकार,

(ढ) सांस्कृतिक पहिचानको संरक्षणको अधिकार,

(ण) परिचय-पत्र र यात्राका कागजातहरू (राहदानी, भिसा, श्रम अनुमति-पत्र करार आदि) राख्ने, प्राप्त गर्ने र सुरक्षित गर्ने अधिकारहरू आदि ।

१०. **आप्रवासी कामदारका बालबालिकाका के-कस्ता अधिकारहरूको बारेमा यस महासन्धिले व्यवस्था गरेको छ ?**

**उत्तरः** आप्रवासी कामदारको बच्चाको नाम जन्मदर्ता, नागरिकताको अधिकार, आप्रवासी कामदारका बच्चाहरूलाई समानताको आधारमा शिक्षामा पहुँचको अधिकार जस्ता अधिकारहरूको बारेमा यो महासन्धिले व्यवस्था गरेको छ ।

११. **करारीय दायित्व पूरा नगरेकै आधारमा आप्रवासी कामदारहरूलाई थुनामा राख्न सकिन्छ ?**

**उत्तरः** यो महासन्धि अनुसार करारीय दायित्व पूरा नगरेकै आधारमा आप्रवासी कामदारलाई थुनामा राख्न मिल्दैन । कामसम्बन्धी करारको दायित्व पूरा गर्नु पर्ने कुरा बसोवास वा काम गर्ने अनुमतिको पूर्वसर्त भएमा बाहेक कसैलाई कामसम्बन्धी करारको दायित्व पूरा नगरेको भन्ने आधारमा मात्र बसोवास वा काम गर्ने अनुमतिबाट वञ्चित गरिने छैन ।

१२. **अभिलेखबद्ध कामदार र अभिलेखवद्ध नभएका कामदार भन्नाले के बुझ्नुहुन्छ ?**

**उत्तरः** रोजगारीको राष्ट्रमा सो देशको कानुन अनुसार प्रवेश गर्ने, बसोवास गर्ने र काम गर्ने अनुमति पाएको आप्रवासी कामदारलाई अभिलेखबद्ध कामदार (Documented Worker) भनिन्छ । तर, रोजगारीको राष्ट्रमा प्रवेश गर्ने, बसोवास गर्ने र काम गर्ने अनुमति नपाएको आप्रवासी कामदारहरूलाई अभिलेखबद्ध नभएका कामदार (Undocumented Worker ) भनिन्छ ।

***

# ११

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

**(Convention on the Rights of Persons with Disabilities, 1949)**

१. **अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि भन्नाले के बुझिन्छ ?**

**उत्तर:** संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००६ मा पारित गरेको अपाङ्गता भएका व्यक्तिहरूमा मानव अधिकार संरक्षण गर्ने सम्बन्धी महासन्धिलाई 'अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६' भनिन्छ । यो महासन्धिमा ५० धाराहरू छन् । यो महासन्धिले अपाङ्गता भएका व्यक्तिको मर्यादा, सम्मान, सहभागीता र समावेशीकरण, मर्यादा, समान अवसरका लागि मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई आत्मसात् गर्दै अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्ति सरह सबै प्रकारमा मानव अधिकार समान रूपले उपयोग गर्न पाउने व्यवस्था गरेको छ । यो महासन्धिको एउटा स्वैच्छिक आलेख (optional protocol) पनि छ, जसमा १८ धाराहरू छन् ।

२. **यस महासन्धिलाई नेपालले कहिले अनुमोदन गरेको हो ?**

**उत्तर:** नेपालले यो महासन्धि र यसको स्वैच्छिक आलेखलाई २००८ जनवरी ३ मा हस्ताक्षर गरी २००९ डिसेम्बर २७ का दिन व्यवस्थापिका संसदबाट अनुमोदन गरेको हो ।

३. **यो महासन्धि अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले के बुझिन्छ ?**

**उत्तर:** यो महासन्धि अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्वारा सिर्जित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी कमजोरी तथा तिनका विभिन्न अवरोधका कारण समाजमा अन्य व्यक्तिसरह

समान आधारपूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ ।

**४. अपाङ्ग्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि र स्वैच्छिक प्रोटोकल–२००६ को विकास कसरी भएको हो ?**

**उत्तरः** अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने व्यवहारलाई कल्याणकारी दृष्टिकोण र दयाको भावनामा मात्र सीमित नराखी अधिकारको रूपमा स्थापित गर्नका लागि सन् १९६० को दशकदेखि नै अपाङ्गता अधिकार आन्दोलन संसारभरि बहसको विषय बन्यो । फलस्वरूप, संयुक्त राष्ट्रसङ्घले अपाङ्गताको सवाललाई दया नभई अधिकार र विकासको सवालको रूपमा हेरिनु पर्दछ भनी अपाङ्गता अधिकारसम्बन्धी महासन्धि मस्यौदा समिति गठन गऱ्यो । यस समितिले अपाङ्गता अधिकारसम्बन्धी मस्यौदालाई सन् २००६ अगष्ट २५ मा राष्ट्रसङ्घमा बुझायो । त्यसपछि, सन् २००७ डिसेम्बर १३ तारिखका दिन संयुक्त राष्ट्रसङ्घको ६१औं महासभाले यो महासन्धिलाई पारित गऱ्यो । यो महासन्धि २१औं शताब्दीको मानव अधिकार सम्बन्धी नवीनतम दस्तावेज हो जसले अपाङ्गता अधिकारको कार्यान्वयन गर्न पक्षराष्ट्रहरूलाई दबाब सिर्जना गर्दछ ।

**५. यो महासन्धिलाई अनुमोदन गर्ने राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई के–कस्ता अधिकारहरू सुनिश्चित गर्नुपर्दछ ?**

**उत्तरः** यो महासन्धिलाई अनुमोदन गर्ने राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई निम्न अधिकारहरू सुनिश्चित गर्नुपर्दछः

- स्तरयुक्त जीवनयापन र काम प्राप्तिको अधिकार,
- सम्पतिको अधिकार, रोजगारी वा स्वरोजगारीको अवसरमा प्रर्वद्धन,
- स्वास्थ्य र शिक्षाको अधिकार (सांकेतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने ,
- आफ्नो ईच्छा अनुसारको व्यवसायिक वा व्यवहारीक शिक्षा, अवसर र छात्रवृत्ति,
- सार्वजनिक संरचना, सार्वजनिक यातायत र स्थानहरूमा पहुँचको अधिकार,
- उचित र आधारभूत स्वास्थ्य सेवा र वासस्थानको अधिकार,
- गरिबी निवारणका लघुवित्तीय योजना,
- राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार,

- सूचना प्राप्तिको अधिकार र गोपनीयताको अधिकार, गुणस्तरीय जीवनस्तर र सामाजिक जीवनमा सहभागिताको अधिकार,
- सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको अधिकार ।

**६. यो महासन्धिको स्वैच्छिक आलेखले अपाङ्गता अधिकारका सम्बन्धमा के-कस्तो व्यवस्था गरेको छ ?**

**उत्तर:** अपाङ्गता अधिकारसम्बन्धी महासन्धि र स्वैच्छिक आलेख, २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोग, संरक्षण एवम् प्रवर्द्धनलाई सुनिश्चित गर्न राज्यका निकायहरूलाई निर्देश गरेको छ । त्यस्तै, यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको नैसर्गिक मर्यादाको सम्मान एवम् प्रवर्द्धन गर्न, न्यायमा पहुँच अभिवृद्धि गर्न, शोषण दुर्व्यवहार र हिंसाबाट बच्न, शिक्षा, स्वास्थ्य, बासस्थान, पुनःस्थापना र अपाङ्गता भएका महिला र बालबालिकाको सम्बन्धमा विशेष व्यवस्था गरेको छ ।

**७. यो महासन्धिले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई संरक्षण गर्न राज्यलाई कस्तो दायित्व सिर्जना गरेको छ ?**

**उत्तर:** यो महासन्धि अनुमोदन गर्ने राज्यले अपाङ्गता भएका व्यक्तिका लागि बिनाभेदभाव सबै मानव अधिकार एवम् आधारभूत स्वतन्त्रतालाई पूर्णरुपमा सुनिश्चित गर्नुपर्दछ । यो महासन्धिमा उल्लेखित अधिकारहरूको उपभोग गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउन पक्षराष्ट्रहरूले एउटा मापदण्ड तयार गर्नुपर्छ । त्यस्तै, सम्बन्धित राज्यले अपाङ्गता भएका व्यक्तिका अधिकारको सचेतना, सामर्थ्य र योगदान अभिबृद्धि गर्नुपर्दछ । अपाङ्गतासँग सम्बन्धित पुरातनवादी धारणा एवम् पूर्वाग्रहहरूलाई निरुत्साहित गर्न सम्बन्धित राज्यले सचेतना अभिवृद्धिका लागि व्यापक स्तरमा अभियान सञ्चालन गर्नुपर्छ ।

**८. महासन्धि लागु भएपछिको राज्यको मुख्य प्राथमिकता के हो ?**

**उत्तर:** महासन्धि लागु भएपछिको मुख्य प्राथमिकता भनेको यसको कार्यान्वयन गर्नु हो । महासन्धिमा उल्लेख भएका अधिकारहरू प्राप्तिका लागि राज्यले प्रभावकारी कानुन तथा नीति-नियमहरू तर्जुमा गर्नुपर्दछ । ती कानुन तथा नीति-नियमहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्न राज्यले उपयुक्त संयन्त्र निर्माण गर्नुपर्छ । त्यसैगरी, महासन्धि कार्यान्वयनको अवस्थालाई राष्ट्रिय तथा

अन्तर्राष्ट्रिय स्तरबाट समयसमयमा अनुगमनको व्यवस्था गर्नुपर्छ । यो महासन्धि कार्यन्वयन गर्नका लागि सन्धि ऐन, २०४७ को दफा ९ मा नेपालले अनुमोदन गरेको कुनै पनि अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले स्वतः कानुनी मान्यता प्राप्त गर्ने उल्लेख छ ।

***

# १२

# बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

**(International Convention for the Protection of All Persons from Enforced Disappearance, 2006)**

१. **बलपूर्वक बेपत्ता भएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भन्नाले के के बुझिन्छ ?**

**उत्तरः** विभिन्न देशका सरकारहरूबाट व्यक्तिलाई विभिन्न बहानामा बेपत्ता बनाउने कार्यलाई रोक्न संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २००६ डिसेम्बर २० पारित भएको सन्धिलाई 'बलपूर्वक बेपत्ता भएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' भनिन्छ । नेपालले यो सन्धिलाई हालसम्म हस्ताक्षर तथा अनुमोदन गरेको छैन ।

२. **यो महासन्धिमा व्यक्तिहरू बेपत्ता भएको अवस्थालाई कसरी परिभाषित गरिएको छ ?**

**उत्तरः** यो महासन्धि अनुसार बलपूर्वक बेपत्ता भन्नाले 'व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरी उक्त तथ्यलाई अस्वीकार गरेको वा बेपत्ता व्यक्तिको अवस्थाको साथै नीजका बारेमा कुनै जानकारी नदिने हिसाबले राज्यका प्रतिनिधिहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मति साथ काम गर्ने व्यक्ति वा समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई मानिने छ ।'

३. **मानिसहरूलाई बलपूर्वक बेपत्ता बनाउने कार्यलाई यो महासन्धिले कसरी सम्बोधन गरेको छ ?**

**उत्तरः** यस महासन्धिको प्रावधानअनुसार कसैलाई पनि बलपूर्वक बेपत्ताको भागिदार बनाइने छैन । युद्धको अवस्था वा त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा सार्वजनिक सङ्कट वा अन्य कुनै पनि परिस्थितिमा बलपूर्वक बेपत्ता गर्ने

कार्यलाई जायज मान्न नसकिने भनी यो महासन्धिले स्पष्ट गरेको छ । साथै, कुनै पनि गैरसैनिक, सैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन मानिएको स्पष्टोक्तिले बलपूर्वक बेपत्ताको कसुरको औचित्य पुष्टि हुन सक्ने छैन भनी उल्लेख छ ।

**४. बलपूर्वक बेपत्ता भएका व्यक्तिहरूको सम्बन्धमा राज्यले कस्तो उपचारको व्यवस्था गर्नुपर्छ ?**

**उत्तरः** यो महासन्धि अनुसार, राज्यको अख्तियारी, समर्थन वा सम्मति प्राप्त नगरेका व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूबाट गरिएका बेपत्ता पार्ने कार्यहरूको अनुसन्धान गर्न र त्यसका लागि जिम्मेवार रहेकाहरूलाई न्यायसमक्ष ल्याउनका लागि हरेक राज्यले उपयुक्त उपायहरू अपनाउनु पर्ने छ । साथै, हरेक राज्यले बलपूर्वक बेपत्तालाई आफ्नो फौजदारी कानुनमा अपराध कायम गर्न आवश्यक उपायहरू अपनाउनु पर्ने कुरा सन्धिमा उल्लेख छ । हरेक राज्यले बलपूवर्क बेपत्ताको कसुरलाई गम्भीरताका साथ उपयुक्त सजायहरूद्वारा दण्डनीय बनाउनु पर्छ ।

**५. यस सन्धिमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई कस्तो प्रकारको अपराध भनिएको छ ? के यस्तो अपराधको हदम्याद हुन्छ ?**

**उत्तरः** यस सन्धिले परिभाषा गरेअनुसार व्यापक र सुनियोजित रूपमा गरिएको बलपूर्वक बेपत्ताको कार्य मानवता विरुद्धको अपराध हुन्छ भनिएको छ । यसलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान (रोम विधान) १९९८ ले पनि 'मानवता विरुद्धको अपराध' भनी उल्लेख गरेको छ । फौजदारी कारबाहीको हदम्याद छैन तर यो कसुर अटूट रूपमा भइरहेको भन्ने पुष्टि हुनुपर्ने छ ।

**६. बलपूर्वक बेपत्ता पार्ने कार्यमा आरोपित व्यक्तिका विरुद्धमा पक्राउ गर्ने सम्बन्धमा अन्य राज्यले कस्तो कारबाही गर्न सक्छन् ?**

**उत्तरः** बलपूर्वक बेपत्ताको कसुरमा कुनै व्यक्तिका विरुद्धमा जानकारी प्राप्त भएमा सम्बन्धित राज्यले त्यो आरोपका सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ । जाँचबुझबाट आरोपित व्यक्तिले कसुर गरेको ठहर भएमा सम्बन्धित राज्यले आफ्नो भू-भागमा उक्त व्यक्ति बसेको अवस्थामा निजलाई हिरासतमा लिन सक्ने छ । हिरासतमा लिनेक्रममासम्बन्धित राज्यले आवश्यक अन्य कानुनी उपायहरू अपनाउन सक्नेछ । यस विषयमा

फौजदारी कसुरमा निजलाई नियन्त्रणमा लिइएकै देशमा कारबाही गर्ने वा दोषी व्यक्तिको राष्ट्रियता भएको देशमा बुझाउने भन्ने सम्बन्धमा प्रचलित कानुन अनुसार गर्नु पर्नेछ । तर सम्झनु पर्ने कुरा के छ भने, बलपूवर्क बेपत्ताको कसुर गरेको व्यक्ति फेला परेको भू-भागको क्षेत्राधिकार हरेको राज्यले आफ्नो अन्तर्राष्ट्रिय दायित्वअनुसार अर्को राज्यसमक्ष निजलाई सुपुर्दगी नगरेमा वा अन्तर्राष्ट्रिय न्यायाधिकरण समक्ष निजलाई नबुझाएको खण्डमा, अभियोजनको प्रयोजनका लागि सक्षम अधिकारीहरू समक्ष निजलाई प्रस्तुत गर्नुपर्दछ ।

**७. यो महासन्धि अनुसार बलपूर्वक बेपत्ता पार्ने व्यक्तिका विरुद्धमा कस्तो प्रकारको कारबाही हुनेछ ?**

**उत्तरः** बलपूर्वक बेपत्ताको कसुरको अभियोग लागेको व्यक्तिलाई कारबाहीका सबै चरणमा स्वच्छ न्यायिक व्यवहारको प्रत्याभूति रहनेछ । बलपूर्वक बेपत्ताको कसुरमा पुर्पक्षमा राखिएको जुनसुकै व्यक्तिले कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधीकरण समक्ष स्वच्छ पुर्पक्षबाट लाभाविन्त हुन पाउनेछ । यी अधिकारहरूको प्रयोग गर्दा सम्बन्धित राज्यको कानुनअन्तर्गत रहेर बलपूर्वक बेपत्ता पार्ने कार्यलाई गम्भीर प्रकृतिका अपराधसरह यसको न्यायिक निरूपण गर्नुपर्छ ।

**८. बलपूर्वक बेपता पार्ने व्यक्तिहरूको विरुद्धमा आरोप लगाई सकेपछि कस्ता प्रक्रियाहरू अवलम्वन गर्नुपर्छ ?**

**उत्तरः** बलपूवर्क बेपत्ता पार्ने कार्यमा संलग्न भएको व्यक्तिको विरुद्धमा आरोप लगाउने जुनसुकै व्यक्ति-विशेषलाई त्यस्तो आरोपको तत्काल र निष्पक्ष जाँचबुझ गर्ने, र आवश्यक भएमा अविलम्ब पूर्ण र निष्पक्ष अनुसन्धान गर्ने सक्षम अधिकारीहरू समक्ष त्यसका तथ्यहरूको प्रतिवेदन गर्ने अधिकारलाई राज्यले सुनिश्चत गर्नु पर्दछ । आवश्यकता अनुसार उजुरकर्ता, साक्षी, बेपत्ता व्यक्तिका नातेदारहरू र तिनका प्रतिरक्षा सल्लाहकार साथै अनुसन्धानमा सहभागी रहने व्यक्तिहरूलाई कुनै पनि प्रकारको दुर्व्यवहार र त्रासहरूबाट संरक्षण गर्नुपर्छ । कुनै व्यक्तिलाई बलपूर्वक बेपत्ता बनाइएको विश्वास गर्नुपर्ने मनासिब आधार भएमा यस महासन्धि बमोजिम औपचारिक रूपमा कुनै उजुर नै नपरेको भए पनि सम्बन्धित अधिकारहरूले अनुसन्धान अघि बढाउनु पर्नेछ ।

**९. यो महासन्धि अनुसार बलपूर्वक बेपत्ता विरुद्धको अनुसन्धानमा राज्यको कस्तो दायित्व हुनुपर्छ ?**

**उत्तरः** यो सन्धिको प्रावधान अनुसार हरेक राज्यले बलपूर्वक बेपत्ता विरुद्धको अनुसन्धानमा संलग्न अधिकारीहरूलाई प्रभावकारी अनुसन्धान गर्नका लागि तिनको अनुसन्धानसँग सान्दर्भिक अभिलेखीकरण, सूचनामा पहुँच, स्रोतसाधनको उपलब्धताका साथै आवश्यक अधिकारहरू उपलब्ध गराउनु पर्छ । त्यसका लागि बेपत्ता पारिएका व्यक्ति रहेको विश्वास गर्ने मनासिब आधार भएको कुनै पनि स्थानमा आवश्यकताअनुसार अख्तियारी र पहुँच दिनु पर्दछ । साथै, हरेक राज्यले अनुसन्धानको कार्यलाई बाधा गर्ने कार्यलाई रोक्न वा दण्डित गर्नका लागि आवश्यक उपायहरू अपनाउनु पर्छ । खासगरी बलपूर्वक बेपत्ताको कसुर गरेको आशंका गरिएका व्यक्तिहरू, दाबी वा उजुरकर्ता, साक्षी, बेपत्ता व्यक्तिका नातेदारहरू लगायतका व्यक्तिहरूमा त्रास वा प्रतिशोधका माध्यामबाट अनुसन्धानलाई प्रभावित नपार्ने कुरा सुनिश्चित गरिनुपर्दछ ।

**१०. राज्यहरूले बलपूवक बेपत्ताका पीडितहरूलाई सहयोग गर्न एक आपसमा कस्ता कार्यक्रमहरू अवलम्बन गर्न सक्छन् ?**

**उत्तरः** राज्यहरूले बलपूर्वक बेपत्ताबाट पीडित भएकाहरूलाई सहयोग गर्ने दृष्टिले बेपत्ता पारिएको व्यक्तिहरूको खोजतलास गर्ने, रहेभएको ठाउँ ठम्याउने र छुटकारा गराउने गर्दछन् । बलपूर्वक बेपत्ता पारिएको व्यक्तिको मृत्यु भएको अवस्थामा त्यस्तो व्यक्तिको लाश सङ्कलन गर्ने वा गाडिएको अवस्थामा भए चिहान खोतल्ने, पहिचान गर्ने र अवशेषहरू फर्काउने कुरामा एकआपसमा पारस्परिक सहायताका उपायहरू अवलम्बन गर्न सक्छन् ।

**११. राज्यले व्यक्तिलाई बेपत्ता पार्ने कार्यहरूलाई नियन्त्रण गर्न कस्ता कार्यहरू गर्नु पर्दछ ?**

**उत्तरः** यो महासन्धिको पक्ष भएको हरेक राज्यले कसैलाई पनि गोप्य थुनामा राखिने छैन भन्ने कुराको प्रत्याभूति गर्नुपर्छ । यस्तो प्रत्याभूति गर्दा हरेक राज्यले कुनै पूर्वाग्रह नराखी आफ्नो देशको कानुनमा निम्न लिखित अवस्था उल्लेख गर्नु पर्दछः

(क) न्यायिक स्वतन्त्रताको प्रत्याभूति गर्ने,

(ख) स्वतन्त्रताको प्रत्याभूति गर्न अख्तियारप्राप्त अधिकारीहरू तोक्ने,

(ग) स्वतन्त्रताबाट वञ्चित गरिएको व्यक्तिलाई औपचारिक मान्यताप्राप्त र सुपरिवेक्षित स्वतन्त्रताको प्रत्याभूति गर्ने,

(घ) स्वतन्त्रताबाट वञ्चित कुनै पनि व्यक्तिलाई निजको परिवार वा निजले इच्छाएको कुनै व्यक्तिसँग कानुनले तोकेको सर्तबमोजिम भेटघाट तथा कुराकानी गर्न दिने, वा त्यस्तो व्यक्ति विदेशी भएमा अन्तर्राष्ट्रिय कानुनअनुसार निजको कुटनीतिक अधिकारीहरू समक्ष सञ्चार-सम्पर्क गर्ने अधिकार सुनिश्चित गर्ने,

(ङ) सक्षम र कानुनी अधिकारीहरू तथा निकायहरूलाई हिरासतमा राखिएको व्यक्ति समक्ष पुग्न दिने,

(च) उल्लिखित अधिकारहरू स्वतन्त्रता वञ्चित गरिएको व्यक्ति स्वयम्ले प्रचलन गर्न नसक्ने हुनाले, निजका आफन्त, प्रतिनिधि वा तिनका सल्लाहकार वा अन्य व्यक्तिले, सबै अवस्थामा, स्वतन्त्रताको प्रत्याभूतिका लागि अदालतसमक्ष कारबाही चालाउन पाउने हक सुनिश्चित गर्ने ।

**१२. महासन्धिको प्राबधानलाई प्रवर्द्धन गर्न सन्धिको पक्ष भएको राज्यले कस्तो नीति अवलम्बन गर्नु पर्दछ ?**

**उत्तरः** हरेक राज्यले कानुन कार्यान्वयन गर्ने अधिकारी, निजामति वा सैनिक अधिकारी, स्वास्थ्य अधिकारी, सर्वाजनिक पदाधिकारी र हिरासत वा स्वतन्त्रतबाट वञ्चित व्यक्तिलाई हेर्ने वा व्यवहार गर्ने काममा सामेल हुन सक्ने अन्य व्यक्तिहरूको तालिममा यो महासन्धिको सम्बन्धित प्रावधानका बारेमा निम्नानुसार आवश्यक शिक्षा र जानकारी प्रदान गर्नु पर्नेछः

(क) बलपूर्वक बेपत्ता पार्ने कुरामा राज्यका अधिकारीहरूको संलग्नता रोक्ने,

(ख) राज्यका निकायले बलपूवर्क बेपत्ताको सम्बन्धमा रोकथाम र अनुसन्धानको महत्वलाई जोड दिने,

(ग) बलपूवर्क बेपत्तासम्बन्धी मामिलाहरूको शीघ्रतापूर्वक समाधान गर्न सम्बन्धित अधिकारी वा निकायहरूले प्राथमिकता दिने,

(घ) हरेक राज्यले बलपूवर्क बेपत्ता पार्ने कार्य गर्न अह्राउने, अख्तियारी दिने वा प्रोत्साहित गर्ने आदेश वा निर्देशन दिने कुरालाई रोक्नु पर्ने,

(ङ) हरेक राज्यले बलपूर्वक बेपत्ता पार्ने कार्य गर्न दिइएको आदेशलाई मान्न अस्वीकार गर्ने व्यक्तिलाई सजाय नगरिने कुरा सुनिश्चित गर्ने,

(च) हरेक राज्यले बलपूर्वक बेपत्ता पार्ने कार्य भएको वा योजना बनाएको अवस्थामा सम्बन्धित अधिकारी वा निकायमा पुनरावलोकन वा उपचारको हक प्राप्त गर्न आवश्यक उपायहरू सुनिश्चित गर्ने ।

**१३. यो महासन्धिले बल पूर्वक बेपता भएका व्यक्तिहरूको अधिकारलाई कसरी सुनिश्चित गरेको छ ?**

**उत्तर:** हरेक पीडितलाई बलपूर्वक बेपत्ताको परिस्थितिका बारेमा सत्य, अनुसन्धानको प्रगति र नतिजा एवम् बेपत्ता व्यक्तिहरूको अवस्था थाहा पाउने अधिकार छ । बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने, बेपत्ता पारिएको आशंकित स्थान ठम्याउने तथा मुक्त गर्ने, मृत्यु भएको अवस्थामा बेपत्ता व्यक्तिको शरीर वा त्यसका अवशेषहरू ठम्याउन यो महासन्धिको पक्ष भएका हरेक राज्यले पहल गर्नु पर्दछ । हरेक राज्यले आफ्नो देशको कानुनी प्रणालीमा बलपूर्वक बेपत्ता कार्यबाट पीडित भएकाहरूलाई परिपुरण प्राप्त गर्ने तथा शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकारको सुनिश्चित गर्नुपर्दछ । राहत, क्षतिपूर्ति वा परिपुरणका लागि सम्पत्ति पुनःर्स्थापना, पुनर्वास, मर्यादा र ख्यातिको पुनःस्थापना लगायतको सन्तुष्टि, पुनराबृत्ति नहुने प्रत्याभूति जस्ता कुराहरू पर्दछन् । यसका साथै, हरेक राज्यले बेपत्ता व्यक्तिको अवस्था स्पष्ट नभएसम्म अनुसन्धान कार्यलाई निरन्तरता दिनुका साथै बेपत्ता व्यक्तिको कानुनी स्थितिका बारेमा वा निजका नातेदारहरूको सामाजिक भलाइ, आर्थिक मामिला, पारिवारिक सम्पत्तिको अधिकारका सम्बन्धमा उपयुक्त कार्यहरू गर्नुपर्दछ ।

***

# १३

# अन्तर्राष्ट्रिय मानवीय कानुनहरू, १९४९

## (International Humanitarian Laws, 1949)

१. **अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले के बुझिन्छ ?**

**उत्तर:** अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले विशेष गरेर युद्ध वा सशस्त्र सङ्घर्षका बेला लागु हुने कानुनलाई भनिन्छ । यसले अन्तर्राष्ट्रिय वा राष्ट्रिय युद्ध वा सशस्त्र सङ्घर्षलाई नियमित गर्ने, युद्ध वा सशस्त्र सङ्घर्षबाट उत्पन्न हुने पीडा वा असरलाई कम गर्ने तथा प्रत्यक्ष रूपमा युद्ध वा सशस्त्र सङ्घर्षमा सहभागी नभएका र कुनै कारणवश युद्ध वा सशस्त्र सङ्घर्षमा भाग लिन असक्षम व्यक्तिहरूको सुरक्षा गर्नुका साथै उनीहरूका विरुद्धमा कुनै पनि अमानवीय व्यवहार गर्न रोक लगाएको छ । यसलाई युद्धको कानुन वा सशस्त्र द्वन्द्वको कानुन पनि भनेर चिन्ने गरिन्छ । त्यसैगरी युरोपेली राष्ट्र स्विट्जरल्यान्डको जेनेभा सहरमा पारित भएको हुनाले यी सन्धिहरूलाई जेनेभा महासन्धि पनि भन्ने गरिएको छ । अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रमुख स्रोत भनेको जेनेभा महासन्धिहरू र तिनका अतिरिक्त प्रलेखहरू हुन् ।

२. **प्रमूख जेनेभा महासन्धिहरू के–के हुन् ?**

**उत्तर:** प्रमूख जेनेभा महासन्धिहरू यस प्रकार छन्:

(क) पहिलो महासन्धि युद्ध मैदानमा घाइते तथा बिरामी भएका सैनिकहरूको अवस्था सुधारसम्बन्धी

(ख) दोस्रो महासन्धि समुद्रमा घाइते, बिरामी र सङ्कटग्रस्त जहाजका सशस्त्र सेनाका सदस्यहरूको अवस्था सुधारसम्बन्धी

(ग) तेस्रो महासन्धि युद्धबन्दीहरूसँग गरिने व्यवहारसम्बन्धी

(घ) चौथो महासन्धि युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी

**३. जेनेभा महासन्धिले विषेश गरी कसको सुरक्षामा ध्यान दिन्छ ?**

**उत्तर:** जेनेभा महासन्धिले युद्धबाट पीडित भएकाहरूको सुरक्षाको प्रत्याभूति गर्दछ । जसले खासगरी सशस्त्र सङ्घर्षमा वा युद्धमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरू, जस्तैः बिरामी, घाइते भई लड्न असक्षम योद्धाहरू, थुनामा रहेका, हतियार बिसाएका योद्धाहरू र सर्वसाधारण नागरिकहरूको सुरक्षामा ध्यान दिन्छ ।

**४. जेनेभा महासन्धिको कस्तो महत्व रहेको छ ?**

**उत्तर:** विशेष गरेर यो सन्धि युद्धका बेला आकर्षण हुने भएकोले विश्वमा युद्धबाट वा युद्धको कारणबाट बढ्दै गएको मानव पीडा र क्षतिलाई कम गर्न, युद्धलाई नियमित र व्यवस्थित गर्न, गैर नागरिकको संरक्षण गर्न अथवा पीडा उब्जन नदिनको निम्ति अन्तर्राष्ट्रिय जेनेभा महासन्धिको महत्व छ ।

**५. आन्तरिक सशस्त्र सङ्घर्षमा अन्तर्राष्ट्रिय मानवीय कानुनका कुनकुन दस्तावेजहरू प्रमुख रूपमा लागु हुन्छन् ?**

**उत्तर:** आन्तरिक सशस्त्र सर्घषमा जेनेभा महासन्धिको साझा धारा ३ र जेनेभा महासन्धिको दोस्रो अतिरित्त प्रलेख प्रमुख रूपमा लागु हुन्छन ।

**६. जेनेभा महासन्धिहरूको धारा ३ लाई किन साझा धारा भनिएको हो ?**

**उत्तर:** चारवटै जेनेभा महासन्धिहरूको धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नु पर्ने न्यूनतम मानवीय व्यवहारहरू भएको एउटै प्रकारको कानुनी व्यवस्थाको उल्लेख गरिएको हुनाले जेनेभा महासन्धिहरूको धारा ३ लाई 'साझा धारा' भनिएको हो ।

**७. जेनेभा महासन्धिहरूको साझा धारा ३ अनुसार न्यूनतम मानवीय व्यवहारहरू भित्र कस्ता कस्ता व्यवहारहरू पर्दछन् ?**

**उत्तर:** जेनेभा महासन्धिहरूको साझा धारा ३ अनुसार युद्धरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरू यस प्रकार रहेका छन्:

(क) सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते अथवा बिरामी भई नजरबन्दमा अथवा अन्य कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरूलाई जाति, धर्म, विश्वास, लिङ्ग,

जन्म, धन अथवा त्यस्तै आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नु पर्ने मानवीय व्यवहार ।

(ख) बिरामी र घाईते व्यक्तिहरूको सङ्कलन गरी आवश्यक हेरचाह गर्नु पर्ने मानवीय व्यवहार ।

**८. जेनेभा महासन्धिहरूका साझा धारा ३ अनुसार गर्न नहुने व्यवहारहरू कुन-कुन हुन् ?**

**उत्तर:** सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते अथवा बिरामी भई नजरबन्दमा अथवा अन्य कुनै कारणले लडाईंबाट अलग भएका व्यक्तिहरूको विरुद्धमा निम्न व्यवहारहरू गर्नहुँदैनः

- हत्या, अङ्गभङ्ग, यातना,
- बन्धक बनाउने,
- व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, विशेष गरेर अपमानजनक र होच्याउने व्यवहार,
- कानुन बमोजिम स्थापना भएको अदालतको निर्णय बिना दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न ।

**९. जेनेभा महासन्धिको पालना क-कसले गर्नुपर्छ ?**

**उत्तर:** युद्व वा सशस्त्र द्वन्दरत पक्षहरूले जेनेभा महासन्धिको पालना गर्नुपर्दछ ।

**१०. जेनेभा महासन्धिको पालना नगरेमा के कस्तो कारबाही हुन सक्दछ ?**

**उत्तर:** मानवीय कानुनको पालना नगरेमा युद्व अपराध वा मानवता विरुद्धको अपराधका साथै मानवको जीवन, स्वतत्रता र मर्यादाको उल्लङ्घन गरेको मानिन्छ र यस्तो अपराध गर्ने विरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कानुनी कारबाही हुन सक्दछ ।

***

# १४

# आदिवासीहरु र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १६९

## १. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ भन्नाले के के बुझिन्छ ?

**उत्तरः** अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धि नं. १६९ भन्नाले आदिवासीहरुको बिशिष्ट पहिचान, संस्कृति र जीबन पद्धती लगायतका व्यापक अधिकारहरु समेटेको अन्तर्राष्ट्रिय सन्धि भन्ने बुझिन्छ । यो महासन्धिमा भूमि, भूभाग र स्रोत, आत्मनिर्णीत विकासका प्राथमिकताका अधिकारलाई स्वःव्यवस्थापन र सहव्यवस्थापनका रुपमा पहिचान गर्ने लगायतका प्रावधानहरु समेटीएका छन् । महासन्धिको अनुमोदन गरेपछी अन्तर्राष्ट्रिय कानून अनुसार सम्बन्धित मुलुकले यस्का प्रावधानहरुलाई राष्ट्रिय तहमा कार्यान्वयन गर्ने कानूनी दायित्व सृजना हुन्छ ।

## २. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई नेपालले कहिले अनुमोदन गरेको हो ?

**उत्तरः** अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई नेपालले २०६४ साल भाद्र २८ गते अनुमोदन गरेको हो ।

## ३. महासन्धि नं. १६९ अन्तर्गत राज्यको दायीत्व के हो?

**उत्तरः** महासन्धि नं. १६९ अन्तर्गत आदिवासीहरुसंग परामर्श र उनीहरुको प्रतिनिधित्व गराएर संयन्त्रहरु बनाउने र सञ्चालन गर्ने, आदिवासीहरुसंग परामर्श गरेर परामर्शका लागि उपयुक्त संयन्त्र र प्रकृयाहरु स्थापीत गर्ने, मुलुकको अन्य समुदायहरुसंग बराबरी हैसियतमा सबै अधिकार उपभोग सुनिश्चित गर्ने, आदिवासीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरु पूर्णरुपमा उपभोग गर्न प्रबर्द्धन गर्ने, आदिवासीहरु र मुलुकका अन्य समुदाय विच विद्यमान सामाजिक आर्थिक दूरी अन्त्य गर्ने, र आदिवासीहरुका संस्थाहरुलाई प्रबर्द्धन र सहयोग गर्ने राज्यको मूख्य दायित्वहरु हुन् ।

**४. आदिवासीहरुको सहभागिता महासन्धि नं. १६९ मा कस्तो व्यवस्था गरीएको छ ?**

**उत्तरः** महासन्धि नं. १६९ को धारा ६-१(ख) अनुसार सरकारले "सम्बन्धित समूहहरुले उनीहरुलाई सरोकार राख्ने नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक एवं अन्य अंगहरुको निर्णय लिने सवै तहहरुमा स्वतन्त्रतापूर्वक र कम्तीमा पनि जनसंख्याको अन्य समूहहरुले जत्तिकै सहभागी हुन पाउने माध्यमहरु निर्माण गर्नुपर्दछ" भनी व्यवस्था गरीएको छ ।

# अनुसूची १

## नेपालको अन्तरिम संविधान, २०६३,

## भाग १५

### १३१. राष्ट्रिय मानव अधिकार आयोगः

(१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग हुनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:

(क) मानव अधिकारका संरक्षण र संवर्द्धनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतका प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट- अध्यक्ष

(ख) मानव अधिकारका संरक्षण र संवर्द्धन वा  समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चारजना- सदस्य

(२) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिला सहित विविधता कायम गर्नु पर्नेछ ।

(३) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(४) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । तर राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(५) देहायका अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(६) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन योग्य हुने छैनः

(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरको,

(ख) उच्च नैतिक चरित्र कायम भएको ।

(७) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्तहरू बदलिने छैनन् ।

(८) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन । तर कुनै राजनैतिक पदमा वा कुनै विषयका अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

## १३२. राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारः

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगले देहायका काम गर्नेछः

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाहीगर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने ।

(३) राष्ट्रिय मानव अधिकार आयागले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछः

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा

निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

(ङ) कानूनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।

(४) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक ऐनको क्षेत्राधिकारको विषयमा राष्ट्रिय मानव अधिकार आयोगलाई क्षेत्राधिकार हुने छैन ।

तर मानव अधिकार वा मानवीय कानूनको उल्लङ्घन भएको विषयमा कारबाही चलाउन वाधा पर्ने छैन ।

## १३३. वार्षिक प्रतिवेदनः

(१) यस संविधान बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोगमा वर्षभरी परेका उजूरी, त्यस्तो उजूरीको सम्बन्धमा गरेको छानबिन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति विरुद्ध कुनै मुद्दा दायर गरेको भए सोको संख्या, मानव अधिकारको संरक्षण र प्रवर्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।

# अनुसूची २

## मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

### मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

### (Universal Declaration of Human Rights, 1948)

सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घको साधारणसभाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुमोदन गरी जारी गऱ्यो । जसको पूर्ण पाठ यहाँ दिइएको छः

**प्रस्तावनाः**

(क) मानव परिवारका सबै सदस्यहरूमा अन्तर्निहित प्रतिष्ठा तथा सम्मान र अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकाले, मानव अधिकारहरूको अबहेलना र अनादरको परिणामस्वरूप मानवजातिको अन्तस्करणलाई नै आहत गर्ने बर्बरतापूर्ण कामहरू भएका र मानवजातिले आस्था र वाक्स्वतन्त्रताको तथा भय र अभावबाट मुक्तिको उपभोग गर्न पाउने विश्वको सिर्जना सर्वसाधारण जनताको घोषित सर्वोच्च आकाङ्क्षा भएकोले,

(ख) अत्याचार र दमनको विरुद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय ठान्न मानिस बाध्य नहोस् भन्ने हो भने मानव अधिकारहरू कानुनी शासनद्वारा संरक्षित रहनु अति आवश्यक भएकाले, राष्ट्रहरूका बीच मैत्रीपूर्ण सम्बन्ध वृद्धि गर्न आवश्यक भएकोले,

(ग) संयुक्त राष्ट्र सङ्घका जनताहरूले मौलिक अधिकारहरूमा, व्यक्तिको मान तथा प्रतिष्ठामा र नर-नारीहरूको समान अधिकारहरूमा विश्वास प्रकट गरेको र बढी स्वतन्त्रतामा सामाजिक प्रगति एवम् बढी राम्रो जीवनस्तर सम्बर्द्धन गर्न

(घ) संकल्प गरेकाले, सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र सङ्घको सहयोगमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरूप्रति विश्वव्यापी सम्मानको वृद्धि गर्ने एवम् परिपालन गर्ने प्रतिज्ञा गरेकाले,

(ङ) र यो प्रतिज्ञा पूरा गर्न यी अधिकारहरू र स्वतन्त्रताहरूको समान समझदारी हुनु अत्यन्त ठूलो महत्वको कुरा भएकोले ।

महासभा मानव अधिकारहरूको यो विश्वव्यापी घोषणापत्रलाई सदस्य राष्ट्रहरू र ती राष्ट्रहरूका अधिकारमा रहेका प्रदेशका जनताहरूमा समेत ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी र प्रभावशाली मान्यता प्राप्त गर्नको लागि प्रत्येक व्यक्ति र समाजको अङ्गले यस घोषणापत्रलाई निरन्तर मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील उपायहरूद्वारा यी अधिकार र स्वतन्त्रताहरूको शिक्षादीक्षाद्वारा यी अधिकारहरूप्रति श्रद्धा बढाउने प्रयत्न गरून् भनी सबै जनता र राष्ट्रको निमित्त एउटा साझा मापदण्डको रूपमा जारी गर्दछ ।

**धारा १:** सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन्, ती सबैको समान प्रतिष्ठा र अधिकार छ । उनीहरू विवेक, शक्ति र अन्तःकरणले युक्त भएकाले र प्रत्येकले पारस्परमा भ्रातृत्वको भावना लिएर व्यवहार गर्नुपर्छ ।

**धारा २:** जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य मत, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा सीमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनीतिक, क्षेत्रिय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन ।

**धारा ३:** प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार हुनेछ ।

**धारा ४:** दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दास/दासीको व्यापार पूर्णरूपमा निषेध गरिएको छ ।

**धारा ५:** कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन ।

**धारा ६:** कानुनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र एक व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ ।

**धारा ७:** कानुनको दृष्टिमा सबै समान छन् र बिना भेदभाव सबै कानुनको समान संरक्षणको अधिकारी हुनेछन् । सबै यस घोषणालाई उल्लङ्घन गरी गरिएको भेदभाव वा त्यस्तो भेदभाव गर्न गरिएको उक्साहट विरूद्ध समान संरक्षणको अधिकारी हुनेछन् ।

**धारा ८:** सबैलाई संविधान वा कानुनद्वारा दिइएको मौलिक अधिकारहरूको उल्लङ्घनविरुद्ध योग्य राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार हुनेछ ।

**धारा ९:** कसैलाई पनि मनोमानी ढंगले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन ।

**धारा १०:** कुनै व्यक्ति उपर लगाइएको फौजदारी अभियोगविरुद्ध निजको अधिकार र दायित्व निरोपण गर्दै स्वतन्त्र र न्यायपूर्ण अदालतबाट निष्पक्ष सुनुवाईको हक प्रत्येक व्यक्तिलाई समान रूपले हुनेछ ।

**धारा ११:** (१) दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई बचाउको सबै आवश्यक प्रत्याभूति भएको खुला अदालतको कानुनअनुसार अपराधी नठहराउञ्जेल निरपराध मानिने अधिकार हुनेछ ।

२) कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुन अन्तर्गत अपराध मानिँदैन भने त्यस्तो कामको लागि कुनै पनि व्यक्ति दोषी ठहराइने छैन र कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजाय भन्दा बढी सजाय दिइने छैन ।

**धारा १२:** कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा पत्र व्यवहारमा मनोमानी हस्तक्षेप गरिने छैन र कसैको सम्मान तथा प्रतिष्ठामा हस्तक्षेप गरिने छैन र त्यस्तो हस्तक्षेप वा प्रहारको विरुद्ध प्रत्येक व्यक्तिलाई कानुनी संरक्षणको अधिकार हुनेछ ।

**धारा १३:** (१) प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरू कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्की आउने पूर्ण अधिकार छ ।

**धारा १४:** (१) प्रत्येक व्यक्तिलाई उत्पीडनबाट उम्किन अरू देशमा शरण खोज्ने र लिने अधिकार छ ।

(२) संयुक्त राष्ट्र सङ्घको उद्देश्य र सिद्धान्तको विपरीत कार्यहरू वा अराजनीतिक अपराधहरूको वास्तविक अभियोगको सम्बन्धमा यो अधिकार लागु नहुन सक्नेछ ।

**धारा १५:** (१) प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार छ ।

(२) कसैलाई पनि मनोमानी ढङ्गले उसको राष्ट्रियताबाट वञ्चित गरिने छैन, न त राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट वञ्चित गरिने छ ।

**धारा १६:** (१) जाति, राष्ट्रियता वा धर्मको भेदभावबिना वयस्क स्त्री पुरुषहरूलाई आपसमा विवाह गर्ने र परिवार बसाउने अधिकार छ । विवाहको

विषयमा वैवाहिक जीवनमा तथा विवाह सम्बन्ध विच्छेदमा तिनीहरूलाई समान अधिकार हुनेछ ।

(२) विवाहको इच्छा राख्ने स्त्री पुरुषको पूर्ण र स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ ।

(३) परिवार समाजको स्वाभाविक र मौलिक सामूहिक एकाई हो र यसलाई समाज र राज्यबाट संरक्षण पाउने अधिकार छ ।

**धारा १७:** (१) प्रत्येक व्यक्तिलाई एक्लै वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार हुनेछ ।

(२) कसैलाई पनि मनोमानी ढङ्गले सम्पत्तिबाट वञ्चित गरिने छैन ।

**धारा १८:** प्रत्येक व्यक्तिलाई विचार, अन्तःस्करण र धार्मिक स्वतन्त्रताको अधिकार हुनेछ । धर्म वा आस्था बदल्ने स्वतन्त्रता हुनेछ र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा सामूहिक रूपमा आफ्नो धर्म वा आस्थालाई शिक्षण, व्यवहार, पूजा र परिपालनद्वारा प्रकट गर्ने स्वतन्त्रता समेत यस अन्तर्गत सम्मिलित छ ।

**धारा १९:** प्रत्येक व्यक्तिलाई विचार, स्वतन्त्रता र अभिव्यक्तिको अधिकार छ । यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मतहरू बनाउने र बिना रोकतोक कुनै पनि सञ्चार माध्यमद्वारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ ।

**धारा २०:** (१) प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार हुनेछ ।

(२) कसैलाई कुनै संस्थाको सदस्य बन्न कर लगाइने छैन ।

**धारा २१:** (१) प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष रूपले वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत् भाग लिने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई उसको देशको सरकारी जागिरहरूमा समान प्रवेशाधिकारको हक हुनेछ ।

(३) जनताको इच्छा सरकारको सत्ताको आधार हुनेछ र यस्तो इच्छा आम समान मतदानद्वारा समय समयमा गरिने निष्पक्ष चुनावमार्फत अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ ।

**धारा २२:** समाजको सदस्यको हैसियतमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिलाई राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय

सहयोगमार्फत् तथा प्रत्येक राज्यको सङ्गठन र साधन अनुरूप उसको प्रतिष्ठा र व्यक्तित्वको स्वतन्त्र विकासका लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू उपभोग गर्ने अधिकार छ ।

**धारा २३:** (१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र बेकारीबाट सुरक्षा पाउने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिले बिना भेदभाव समान कार्यको लागि समान पारिश्रमिक पाउने अधिकार हुनेछ ।

(३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय प्रतिष्ठा अनुरूप आफ्नो जीविकाको बन्दोवस्तको लागि उचित र अनुकूल पारिश्रमिक पाउने र आवश्यक भए सामाजिक संरक्षणद्वारा वा अन्य उपायद्वारा त्यसमा भरथेगको अधिकार हुनेछ ।

(४) प्रत्येक व्यक्तिलाई उसको हितको रक्षाको निमित्त ट्रेड युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार हुनेछ ।

**धरा २४:** प्रत्येक व्यक्तिलाई मनासिव कार्य समयको मुनासिब सीमा सवैतनिक आवधिक विदा सहित आराम र विश्रामको अधिकार हुनेछ ।

**धारा २५:** (१) प्रत्येक व्यक्तिलाई उसको र उसको परिवारको स्वास्थ्य र कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार छ र यसअन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारको सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र बिरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको नियन्त्रण बाहिरको अरू कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार हुनेछ ।

(२) आमा र शिशुहरूलाई विशेष हेरचाह, सहायता पाउने अधिकार हुनेछ । सबै बालकलाई समान सामाजिक संरक्षणको उपभोग गर्ने अधिकार हुनेछ ।

**धारा २६:** (१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा, कमसेकम प्रारम्भिक र आधारभूत अवस्थामा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सबै सुलभ हुनेछ र उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ

(२) शिक्षाको लक्ष्य मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रतिको आदरलाई बलियो गर्नु हुनेछ । शिक्षाले

सबै राष्ट्र, जाति र धार्मिक समूहहरू बीच समझदारी, सहिष्णुता र मैत्रीको विकास गर्नेछ र शान्ति कायम गर्नको लागि संयुक्त राष्ट्र सङ्घको प्रयत्नहरूलाई अघि बढाइने छ ।

(३) छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ ।

**धारा २७:** (१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने, कलाहरूको आनन्द लिने तथा वैज्ञानिक प्रगति र विज्ञानले प्रदान गरेको सुविधाहरूको उपभोग गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई उसले रचना वा सिर्जना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक र भौतिक स्वार्थहरूको संरक्षणको अधिकार हुनेछ ।

**धारा २८:** प्रत्येक व्यक्तिलाई यस्तो सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्था पाउने अधिकार हुनेछ जसमा यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्न सकियोस् ।

**धारा २९:** (१) प्रत्येक व्यक्तिको समाजप्रति कर्तव्यहरू हुन्छन् र त्यस्तो समाजमा बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास सम्भव छ ।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरूको अधिकार र स्वतन्त्रताप्रति पनि आदर गर्नुपर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरू हासिल गर्ने उद्देश्यले कानुनद्वारा निर्धारित सीमाभित्र रहनु पर्नेछ ।

(३) यी अधिकार र स्वतन्त्रताहरू कुनै अवस्थामा पनि संयुक्त राष्ट्र सङ्घको सिद्धान्त र उद्देश्यको विपरीत उपभोग गर्न सकिने छैन ।

**धारा ३०:** कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणापत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणापत्रमा उल्लिखित कुनै कुराको व्याख्या गर्न हुँदैन ।

***

# अनुसूची ३

## नेपाल पक्ष भएका महासन्धिहरू

## नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रहरू

| सि.नं. | महासन्धि/प्रतिज्ञापत्रको नाम | पारित भएको मिति | नेपालले अनुमोदन/सम्मिलन गरेको मिति[1] |
|---|---|---|---|
| १. | दासत्व महासन्धि | २५ सेप्टेम्बर, १९२६ | ७ जनवरी, १९६३ (स) |
| २. | २५ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धी | २३, सेप्टेम्बर, १९५३ | ७ जनवरी, १९६३ (स) |
| ३. | दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धी | २३, सेप्टेम्बर, १९५६ | ७ जनवरी, १९६३ (स |
| ४. | नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धी | २० डिसेम्बर, १९५२ | २० अप्रिल, १९६६ (स) |
| ५. | जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धि महासन्धी | ९ डिसेम्बर, १९४८ | १७ जनवरी, १९६९ (स) |
| ६. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धी | २१ डिसेम्बर, १९६५ | ३० जनवरी, १९७१ (स) |
| ७. | रंगभेद अपराधको दमन र दण्ड सम्बन्धी अन्तराष्ट्रिय महासन्धी | ३० नोभेम्बर, १९७३ | १२ जुलाई, १९७७ (स) |
| ८. | खेलकुदमा रंगभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी | १० डिसेम्बर, १९८५ | १ मार्च, १९८९ (अ) |
| ९. | बाल अधिकार सम्बन्धि महासन्धी | २० नोभेम्बर, १९८९ | १४ सेप्टेम्बर, १९९०(अ) |
| १०. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी | १८ डिसेम्बर, १९७९ | २२ अप्रिल, १९९१ (अ) |
| ११. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर, १९६६ | १४ मे, १९९१ (स) |
| १२. | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर, १९६६ | १४ मे, १९९१ (स) |
| १३. | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल | १६ डिसेम्बर, १९६६१ | ४ मे, १९९१(स) |

| | | | |
|---|---|---|---|
| १४. | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्ध महासन्धी | १० डिसेम्बर, १९८४ | १४ मे, १९९१ (स) |
| १५. | जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धी | २ डिसेम्बर, १९४९ | २७ डिसेम्बर, १९९५ ( स) |
| १६. | मृत्युदण्ड उन्मूलन गर्ने उदेश्यले व्यवस्था भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक उपलेख | १५ डिसेम्बर, १९८९ | ४ जून, १९९८ (स) |
| १७. | सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकार महासन्धीको इच्छाधिन आलेख, २००० | २५ मे, २००० | २०६२ कार्तिक १४ मा मन्त्रीपरिषद्बाट अनुमोदन |
| १८. | बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लिल चित्रण विरुद्ध बाल अधिकार महासन्धीको इच्छाधिन आलेख, २००० | २५ मे, २००० | २०६२ कार्तिक १४ मा मन्त्रीपरिषद्बाट अनुमोदन |
| १९. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धीको इच्छाधीन आलेख | ६ अक्टोवर, १९९९ | १५ जुन, २००७ (स) |
| २०. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ | २००६ डिसेम्बर १३ | २००९ डिसेम्बर २८ |
| २१. | अपङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको पहिलो स्वैच्छिक आलेख, २००६ | २००६ डिसेम्बर १३ | २००९ डिसेम्बर २८ |
| २२. | अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी | | २०११ डिसेम्बर २३ |
| २३. | दक्षिण एसियामा बाल कल्याण प्रवर्द्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी सार्क महासन्धी | २००२ जनवरी ५ | |
| २४. | वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धी | २००२ जनवरी ५ | |

## नेपाल पक्ष भएका श्रम सम्वन्धी ११ वटा आई.एल.ओ. कन्भेन्सनहरू

| S.N. | Name of Conventions | | Ratification Date |
|---|---|---|---|
| 1. | C.14- | Weekly Rest (Industry) Convention, 1921 (No. 14) | 10-12-1986 |
| 2. | C.29- | Forced Labour Convention, 1930 (N0.29) | 3-01-2002 |
| 3. | C.98- | Right to Organize and Collective Bargaining onvention, 1949 (No. 98) | 11-11-1996 |
| 4. | C.100- | Equal Remuneration Convention, 1951 (No. 100) | 10-06-1976 |
| 5. | C.105- | Abolition of Forced Labour Convention, 1957 (N0. 105) | 30-08-2007 |
| 6. | C.111- | Discrimination (Employment and Occupation) Convention, 1958 (N0. 111) | 19-09-1974 |
| 7. | C.131- | Minimum Wage Fixing Convention, 1970 (N0. 131) | 19-09-1974 |
| 8. | C.138- | Minimum Age Convention, 1973 (No. 138) | 30-05-1997 |
| 9. | C.144- | Tripartite Consultation (International Labour Standards) Convention, 1976 (No. 144) | 21-03-1995 |
| 10. | C.169- | Indigenous and Tribal Peoples Convention, 1989 (No. 169) | 14-09-2007 |
| 11. | C. 182- | Worst Forms of Child Labour Convention, 1999 (No. 182) | 3-01-2002 |

## नेपाल पक्ष भएका मानवीय कानूनी सम्बन्धी ४ वटा जेनेभा कन्भेन्सनहरू

| S.N. | Name of Conventions | Ratification Date |
|---|---|---|
| 1. | Convention for the Amelioration of the Condition of the Wounded and Sick in Armed Forces in the Field. Geneva, 12 August 1949. | 7 Feb 1964 |
| 2. | Convention for the Amelioration of the Condition of Wounded, Sick and Shipwrecked Members of Armed Forces at Sea. Geneva, 12 August 1949 | 7Feb 1964 |
| 3. | Convention relative to the Treatment of Prisoners of War. Geneva, 12 August 1949. | 7 Feb 1964 |
| 4. | Convention relative to the Protection of Civilian Persons in Time of War, Geneva, 12 August 1949. | 7 Feb 1964 |

# अनुसूची ४

# राष्ट्रिय मानव अधिकार आयोगको उजुरी फाराम

**राष्ट्रिय मानव अधिकार आयोग**

(उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९

अनुसूचीः १ उजुरीको ढाँचा

## उजुरी फाराम

(गोप्य रहने छ)

१. पीडितको विवरण

(क) नाम : ..................................................................................................................................

(ख) बुवाको नाम : ................................................................ (ग) आमाको नाम :.................................................

(घ) ठेगाना : स्थायी ठेगाना : .......................................................................................................

फोन नं. : ........................................... मोबाइल : ..........................................................

हालको ठेगानाः ..............................................................................................................

फोन/मोबाइलः ........................................ ई–मेल : ......................................................

(ङ) लिङ्ग : पुरुष ☐ महिला ☐ अन्य☐ (यदि अन्य हो भने खुलाउनुहोस्) ..........................

(च) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ सम्बन्ध विच्छेद भएको ☐ एकल ☐

(छ) राष्ट्रियता : ........................................... (ज) उमेर : ..............वर्ष (झ) पेशा : ..............................

(ञ) जाति : ........................................... (ट) बोलीचालीको भाषा : ..................................................

(ठ) धर्म : ...........................................(ड) शिक्षा : ...............................................................

(ढ) अपाङ्गता : छ ☐ छैन ☐ (यदि छ भने खुलाउनुहोस्).....................................................................

(ण) कुनै संगठनको सदस्यताः (ऐच्छिक)........................................................................................................

२. उजुरीकर्ताको विवरण (यदि उजुरीकर्ता पीडित होइन भने)

(क) नाम/संगठन : ........................................................................................................................

(ख) पूरा ठेगाना : .........................................................................................................................

(ग) फोन/मोबाइल : .........................................................................ई–मेल : ..................................................

(घ) पीडितसँगको नाता/सम्बन्ध :...................................................................बोलीचालीको भाषा : ...................................

३. आरोपित पीडकको विवरण (यदि तपाई चिन्नुहुन्छ भने)

(क) आरोपित पीडकको नामः ...................................................... (ख)संगठन/कार्यालय :.......................................

(ग) पद/दर्जा : .................................. (घ)सम्पर्क ठेगाना :......................................................

(ङ) फोन/मोबाइल : .......................................................................ई–मेल : ..................................................

(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरू (जस्तोः लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस्।

..........................................................................................................................................

..........................................................................................................................................

४. मानव अधिकार उल्लंघनको विषयः ........................................................................................

५. उजुरीको विस्तृत विवरण

(क) घटनाको मितिः .............................. समयः ....................बजे (ख) घटना भएको स्थान : .......................................

(ग) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पाऱ्यो विस्तृत रुपमा लेख्नुहोस्। (तपाईको विवरण यसमा नअटाए पाना थप्न सक्नुहुनेछ)।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

(घ) के उक्त घटनाबाट तपाईं विस्थापित हुनु भएको छ ? : छ ☐ छैन ☐

(ङ) के तपाईले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/संगठन जस्तैः अदालत, प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ ☐ छैन ☐ (यदि छ भने, कहाँ उजुरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

..........................................................................................

..........................................................................................

## ६. उजुरीसँग सम्बद्ध अन्य प्रमाणहरू

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन् ☐ छैनन् ☐ (कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)

साक्षीको नाम : ..........................................................................................

ठेगाना : ..........................................................................................फोन/मोबाइलः ..........................

साक्षीले दिनसक्ने सम्भावित सूचनाः ..........................................................................................

..........................................................................................

(ख) उजुरीलाई सहयोग पुऱ्याउने लिखत वा दसी प्रमाणहरू:

१. ........................................ २. ........................................

३. ........................................ ४. ........................................

(ग) उजुरीसँगै राखिएका प्रमाणहरू:

१. ........................................ २. ........................................

३. ........................................ ४. ........................................

## ७. माग गरिएको उपचार

(क) आयोगसँग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

..........................................................................................

..........................................................................................

..........................................................................................

## ८. उजुरीकर्ताको हस्ताक्षर (मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।)

हस्ताक्षर : ........................................

नाम : ........................................ मिति : ........................................

## उजुरी फाराम बुझाउन सकिने आयोगका कार्यालयहरू

ललितपुर : केन्द्रिय कार्यालय, हरिहरभवन, पुल्चोक, ललितपुर
पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल, **हटलाइनः ५०-१०-०००**
फोनः ०१-५०१००१५(हन्टीङ) फ्याक्सः +९७७-१-५५४७९७३, इमेलः nhrc@nhrcnepal.org

विराटनगर : क्षेत्रीय कार्यालय, विराटनगर
फोनः ०२१-४६१०९३, फ्याक्सः +९७७-२१-४६११००, इमेलः nhrcbrt@nhrcnepal.org

जनकपुर : क्षेत्रीय कार्यालय, जनकपुर
फोनः ०४१-५२७८११ फ्याक्सः +९७७-४१-५२७२५०, इमेलः nhrcjnk@nhrcnepal.org

पोखरा : क्षेत्रीय कार्यालय, पोखरा
फोनः ०६१-४६२८११, फ्याक्सः +९७७-६१-४६५०४२, इमेलः nhrcpkr@nhrcnepal.org

नेपालगंज : क्षेत्रीय कार्यालय, नेपालगंज
फोनः ०८१-५२६७०७, फ्याक्सः+९७७-८१-५२६७०६, इमेलः nhrcnpj@nhrcnepal.org

धनगढी : क्षेत्रीय कार्यालय, धनगढी
फोनः ०९१-५२५६२१ फ्याक्सः +९७७-९१-५२५६२३ इमेलः nhrcdhn@nhrcnepal.org

खोटाङ : उप-क्षेत्रीय कार्यालय, खोटाङ
फोनः ०३६-४२०२८४ फ्याक्सः +९७७-३६-४२०२८४ इमेलः nhrckht@nhrcnepal.org

बुटवल : उप-क्षेत्रीय कार्यालय, बुटवल
फोनः ०७१-५४६९११ फ्याक्सः +९७७-७१-५४६९११ इमेलः nhrcbtl@nhrcnepal.org

जुम्ला : उप-क्षेत्रीय कार्यालय, जुम्ला
फोनः ०८७-५२०२२२ फ्याक्सः +९७७-८७-५२०२२२ इमेलः nhrcjum@nhrcnepal.org

वेबसाइटः www.nhrcnepal.og

## महत्वपूर्ण जानकारीहरू

☞ कृपया यस फारामका सबै प्रश्नहरूको विवरण उल्लेख गर्नु भएको छ, छैन जाँच गर्नुहोस् ।

☞ यो फारामसँग सम्बद्ध प्रमाणहरू राखिएका छन् छैनन् सुनिश्चित गर्नुहोस् ।

☞ घटनासँग सम्बद्ध नयाँ सूचना पाउनुभएमा राष्ट्रिय मानव अधिकार आयोगमा सम्पर्क गर्नुहोला ।

☞ यदि तपाईको ठेगाना परिवर्तन भएको छ भने राष्ट्रिय मानव अधिकार आयोगलाई सूचित गर्नुहोस् ।

☞ उजुरी दर्ता नम्बर लिनुहोस् र सुरक्षित साथ राख्नुहोस् ।